# नगर शिक्षा योजना

## उर्लाबारी नगरपालिका

(२०८३/२०८४–२०९३/२०९४)

**उर्लांबारी नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

## नगर प्रमुखको भनाइ

शिक्षा मानव विकासको मूल आधार हो। समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक तथा आर्थिक विकासको परिकल्पना गर्न सकिँदैन। नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। यही संवैधानिक व्यवस्था तथा स्थानीय आवश्यकतालाई ध्यानमा राखी हाम्रो नगरपालिकाले यो नगर शिक्षा योजना तर्जुमा गरेको हो।

नगर क्षेत्रमा शैक्षिक पहुँच विस्तार हुँदै गएको भए तापनि सिकाइ उपलब्धि सुधार, शैक्षिक समानता सुनिश्चितता, शिक्षण सिकाइको गुणस्तर अभिवृद्धि, सूचना प्रविधिको प्रभावकारी प्रयोग, शिक्षकको पेशागत विकास तथा विद्यालय व्यवस्थापनका क्षेत्रमा अझै सुधार आवश्यक देखिन्छ। भौगोलिक अवस्था, सामाजिक आर्थिक असमानता, लैङ्गिक विभेद तथा अपाङ्गतासँग सम्बन्धित चुनौतीका कारण सबै बालबालिकाले समान स्तरको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर अझै पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन।

यस नगर शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत साधन तथा सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेको छ। योजना तयार गर्दा विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकासका लक्ष्यहरूसँग समन्वय कायम गरिएको छ, जसले हाम्रो शिक्षा प्रणालीलाई अझ व्यवस्थित, समावेशी र परिणाममुखी बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ।

हाम्रो विश्वास छ'शिक्षा केवल विद्यालयको सीमाभित्र सीमित रहने प्रक्रिया होइन, यो जीवनभरि चलिरहने सिकाइको आधार हो। बालमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा क्षेत्रमा दिगो सुधार सम्भव छ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदार सबै पक्षको सक्रिय सहकार्य र साझा प्रतिबद्धता आवश्यक छ। सामूहिक प्रयास र प्रभावकारी कार्यान्वयनमार्फत हाम्रो नगरलाई सिकाइमैत्री, समावेशी तथा गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ संकल्प व्यक्त गर्दछु।

नगर प्रमुख
गंगा प्रसाद खरेल

# विषय सूची

# योजनाको सारांश

नगर शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो। यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ। योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन्।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ। यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ। स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

## क) विषय प्रवेश

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ। यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो। यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ । साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ । यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो । गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन । संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो । देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो । बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सृजित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले **GESI (Gender Equality and Social Inclusion)** उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि

परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ ।

त्यसैगरी शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ । शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

### ग) योजना निर्माण प्रक्रिया

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको थियो ।

क) नेपालको संविधान

ख) सोह्रौं आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७

ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच

च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

छ) विद्यालय शिक्षा क्षेत्र योजना

ज) राष्ट्रिय शिक्षा नीति २०७६,

झ) दिगो विकास लक्ष्य

ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना

ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ड) राजनीतिक दलको घोषणापत्र

ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको थियो ।

## घ) योजनाको दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् । परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ । परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ ।

# परिच्छेद १
# परिचय

## १.१ भौगोलिक अवस्थिति

मोरङ्ग जिल्लाको सदरमुकाम विराटनगरबाट करिब ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१/०९/२५ गतेको निणर्यानुसार नगरपालिकाको रूपमा घोषणा गरी तत्पश्चात् नेपाल सरकारको मिति २०७३/११/२७ को पुनः संरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स. र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन गरी हालको उर्लाबारी नगरपालिकाको रूपमा कार्यान्वयन गरिएको हो । मोरङ जिल्लाकै नमूना नगरको रूपमा परिचित हुन उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिममा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ । ७४.६२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा सामुदायिक विद्यालय २२, धार्मिक विद्यालय ४, संस्थागत विद्यालय ४०, सामुदायिक क्याम्पस १ र प्रविधिक शिक्षालय १ सहित गरी कुल ६८ ओटा शैक्षिक संस्थाहरू संचालनमा रहेका छन् । २२ ओटा सामुदायिक विद्यालयमा विद्यालयमा आधारित ३१ ओटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको हालको साक्षरता प्रतिशत ८४.८मा पुरुष साक्षरता ९०.३ र महिला साक्षरता दर ८० प्रतिशत रहेको छ । अपाङ्गता भएका जनसंख्या २.३ प्रतिशत मध्ये पुरुष अपाङ्गता २.६ र महिला १.९ प्रतिशत रहेको छ । यस नगरपालिकको जनघनत्व ९५० रहेको छ ।

## १.२ जनसाङ्ख्यिक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार उर्लाबारी नगरपालिकाको कुल जनसंख्या ७०९०८ रहेको मध्ये पुरुषको संख्या ३३३५६(४७%) र महिलाको संख्या ३७५५२(५३%) रहेको देखिन्छ भने जम्मा घरपरिवारको संख्या १७६५० रहेको देखिन्छ । त्यसैगरी लैङ्गीक अनुपात ८८.८३ (पुरुषप्रति १०० महिला), जन्म दर्ता गराउने ६८.३% र जन्म दर्ता नगराउने ३१.७%, औषत परिवार संख्या ५.१३ रहेको छ । यस न.पाको जनघनत्व ९५० प्रति वर्ग कि.मि रहेको छ ।

### वडागत जनसंख्या विवरण

तालिका नं.१ वडागत जनसंख्या

| वडा नं. | पुरुष | महिला | जम्मा | पुरुष% | महिला% |
|---|---|---|---|---|---|
| १ | ४१६१ | ४६४३ | ८८०४ | ४७२६. | ५२७४. |
| २ | ३९५५ | ४४५८ | ८४१३ | ४७०१. | ५२९९. |
| ३ | ३४८६ | ३८१६ | ७३०२ | ४७७४. | ५२२६. |
| ४ | ४६२१ | ५१६९ | ९७९० | ४७२. | ५२८. |


| | | | | | |
|---|---|---|---|---|---|
| ५ | २५६६ | २९६९ | ५५३५ | ४६३६ | ५३६४. |
| ६ | २६४९ | ३०२१ | ५६७० | ४६७२. | ५३२८. |
| ७ | ५०६८ | ५६५१ | १०७१९ | ४७२८. | ५२७२. |
| ८ | ३६३९ | ४२१२ | ७८५१ | ४६३५. | ५३६५. |
| ९ | ३२११ | ३६१३ | ६८२४ | ४७०५. | ५२९५. |
| जम्मा | ३३३५६ | ३७५५२ | ७०९०८ | ४७०४. | ५२९६. |

स्रोत; राष्ट्रिय जनगणना २०७८

## उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण

उमेर समूहको आधारमा जनसंख्या विवरणलाई हेर्दा सबैभन्दा बढी १५ देखि १९ वर्षको जनसंख्या देखिन्छ जुन ९१०० जना रहेको छ । पुरुषको जनसंख्या मात्रै हेर्दा ५ देखि ९ वर्षको जनसंख्या बढी देखिन्छ भने महिलाको सबैभन्दा बढी जनसंख्या २५ देखि २९ वर्षको उमेर समूहमा देखिन्छ जुन क्रमशः ४८०० र ४८०० रहेको देखिन्छ ।

तालिका :२ उमेर समूह तथा लिङ्गको आधारमा जनसंख्या विवरण




## १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा जम्मा घरधुरी संख्या १७६५० मा कुल जनसंख्या ७०९०८ रहेको देखिन्छ । परिवारको औषत आकार ४.०२ व्यक्तिहरू प्रति घरपरिवार रहेको छ । ८६.५ % घर परिवारको आफ्नै घर भएको र १२.३ % भाडामा रहने गरेको देखिन्छ । त्यसैगरी विजुली बत्तीको उपयोग गर्ने ९९.३%, खाना पकाउन एलपि ग्यासको प्रयोग गर्ने ७६.०%, फ्लस भएको (सेफ्टिक ट्याङ्क) शौचालय प्रयोग गर्ने ५४.२%, रहेको देखिन्छ । तथ्याङ्क अनुसार यहाँ बसोबास गर्ने मुख्य जातिमा क्षेत्री, ब्राम्हण, लिम्बु, नेवार, धिमाल, राई, तामाङ्गलगायत ३९ भन्दा बढी रहेका छन् । देशका अन्य भागमा जस्तै यस नगरपालिकाका वासिन्दाहरूले पनि राष्ट्रिय चाडपर्वका साथै आफ्नो जाति र धर्म विशेषका

चाडपर्वहरू र रीतिरिवाजहरू मान्दछन् । अन्यत्र जस्तै यहाँ पनि विभिन्न धर्मसँग आवद्ध व्यक्तिहरूले विशेष चाडपर्वहरू आफ्नै आफ्नै ढंगबाट फरक-फरक तरिकाले मनाउने गरेको पाइन्छ । परम्परागतरूपमा मनाइने चाडपर्वहरूमा दशैं, तिहार, हरितालिका तीज, राम नवमी, शिवरात्री, फागुपूर्णिमा, नाग पञ्चमी, माघे सक्रान्ती, जितिया, साउने सक्रान्ती, चण्डी पूर्णिमा, उँधौली उँभौली, बुद्ध जयन्ती, ल्होसार, कृष्ण जन्माष्टमी, इद, कुर्वानी, जात्री पर्व तथा अन्य चाडपर्वहरू परम्परागतरूपमा मनाइन्छ । यस नगरपालिकामा आधुनिक र परम्परागत दुवै शैलीको मानव वस्ती रहेको र सोहिअनुरूप चाडपर्वहरू पनि मनाइदै आएको पाइन्छ । यहाँ धिमाल सन्थाल समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभूषा, परम्परा र संस्कार रहेको भेटिन्छ ।यस नगरपालिकाको वडा नं. १ देखि ९ सम्ममा विभिन्न धर्मावलम्बीसँग सम्बन्धित ६८ ओटा भन्दा बढी धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरू रहेकाछन् ।

## १.४ आर्थिक अवस्था

आर्थिक विकास तथा सशक्तीकरण केन्द्रीय सरकारदेखि स्थानीय तहसम्मको प्रमुख उद्देश्यकारूपमा रहेको हुन्छ । रोजगारीको अवस्था सिर्जना, सामुदायिक एवं प्राविधिक/व्यावसायिक शिक्षा, उद्योग धन्दाको पूर्ण विकास, आधुनिक कृषि प्रणाली, जलविद्युत, पर्यटनको प्रर्वद्धन आदिबाट आर्थिक विकास हुनसक्ने मानिन्छ । वर्तमानमा उर्लाबारी नगरपालिकाबाट आर्थिक विकास तथा सशक्तीकरणका लागि गरिएका मुख्य कार्यहरूमा उर्लाबारी नगरपालिका घोषणा भए पश्चात् कार्यालय स्थापना गरी कार्यसञ्चालन, विकास निर्माणतर्फ बाटो ग्राभेल, कल्भर्ट निर्माण, विद्यालय, मठमन्दिर, निर्माण तथा मर्मत सुधार, लक्षित वर्गतर्फ विभिन्न सीपमूलक, आय आर्जन, क्षमता अभिवृद्धि तालिमहरू, चेतनामूलक कार्यक्रमहरू सञ्चालन भएका छन् ।उर्लावारी नगरपालिकामा भएको कृषियोग्य भूमिलाई व्यावसायिकरूपमा उपयोग गर्न तथा कृषिमा आधुनिकीकरण ल्याउन सकेमा यस क्षेत्रमा वसोवास गर्ने जनताको आर्थिक उन्नति छिट्टै हुने देखिन्छ ।यहाँको युवा जनशक्तिलाई सवल र सक्षम बनाउनको लागि विभिन्न क्षेत्रबाट विविध तालिमहरू प्रदान भएको पाइन्छ । यसरी तालिम प्राप्त गर्नेहरूमा विशेष गरी कृषिसम्बन्धी सीप तथा दक्षता हासिल हुने विभिन्न तालिमहरू लिएको देखिन्छ।यस नगरपालिकामा पनि धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्वका विभिन्न स्थलहरू रहेकाले यी स्थानहरूलाई धार्मिक, ऐतिहासिक, प्राकृतिक पर्यटकीय स्थलकारूपमा विकास गराउन सकिने सम्भावना रहेको देखिन्छ ।

## १.५ शैक्षिक अवस्था

उर्लाबारी नगरपालिकाभित्र २१ ओटा सामुदायिक विद्यालय, ४ ओटा धार्मिक, ४२ ओटा संस्थागत र एउटा क्याम्पस रहेका छन् । जसमा सामुदायिक, धार्मिक र संस्थागत गरी जम्मा १८७९९ (अठार हजार सात सय उनान्सय) विद्यार्थी अध्ययनरत छन् ।

**उर्लाबारी नगरपालिका अन्तर्गत रहेका सामुदायिक तथा धार्मिक विद्यालयको विवरणः**

| क्रसं. | विद्यालयको नाम र ठेगाना | वडा | सञ्चालित कक्षा | विद्यार्थी संख्या | प्र.अ.को नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | श्री शारदा मा.वि. | १ | ०-१० | 297 | श्री छत्र प्रसाद अधिकारी | ९८६२१४५२१८ |
| २ | श्री नुनसरी आ.वि. | १ | ०-८ | 124 | श्री चन्द्र बहादुर दर्जी | 9804083695 |
| ३ | श्री लक्ष्मी मा.वि. | १ | ०-१० | 301 | डिल्लिराम रिजाल | ९८४२२९०१३९ |
| ४ | श्री बालज्योती आ.वि. | १ | ०-५ | 74 | श्री खगेन्द्र गौतम | 9852053034 |
| ५ | श्री सुनझोडा मा.वि. | २ | ०-१० | 191 | श्री मुकुन्दराज निरौला | 9842391291 |
| ६ | श्री सुनपकुवा मा.वि. | २ | ०-१२ | 794 | श्री यादव प्रसाद भण्डारी | 9842461963 |
| ७ | श्री सरस्वती आ.वि. | २ | ०-८ | 89 | श्री भीम बहादुर कटुवाल | 9842553375 |
| ८ | श्री शान्ति आ वि | २ | ०-८ | 144 | श्री राम प्रसाद गौतम | 9805324435 |
| ९ | श्री दुर्गा मा वि | ३ | ०-१२ | 315 | श्री शारदा कार्की पाण्डे | 9852090483 |
| १० | श्री भानु आ.वि. | ४ | ०-८ | 171 | श्री गोविन्द बहादुर निरौला | 9852084445 |
| ११ | श्री सृजना आ.वि. | ४ | ०-८ | 221 | श्री मणिराज दाहाल | 9852028448 |
| १२ | श्री राधिका मा.वि. | ६ | ०-१२ | 2233 | श्री कुमार पोखेल | 9842047322 |
| १३ | श्री राधिका मा.वि. | ७ | ०-१० | 153 | श्री सुवास चन्द्र सापकोटा | 9842086737 |
| १४ | श्री लक्ष्मी मा.वि. | ८ | ०-१२ | 369 | श्री राम बहादुर थापा | 9804397969 |
| १५ | श्री अरनिको मा.वि. | ८ | ०-१२ | 510 | श्री गंगा योगी | 9842085673 |
| १६ | श्री बहादुरबाबा चौधरी आ.वि. | ८ | ०-५ | 63 | श्री गीता भण्डारी | 9842128769 |
| १७ | श्री शान्तिक्षेत्र आ.वि. | ८ | ०-६ | 86 | श्री विशाल कट्टेल | 9843871713 |
| १८ | श्री सार्वजनिक मा.वि. | ९ | ०-१२ | 258 | श्री अखिलेस शाह | 9815012090 |
| १९ | श्री महाराज आ.वि. | ९ | ०-८ | 87 | श्री डम्बर श्रेष्ठ | 9842130744 |
| २० | श्री प्रभात आ.वि. | ९ | ०-८ | 82 | श्री रुद्र प्रसाद निरौला | 9844647573 |
| २१ | श्री राजघाट आ.वि. | ९ | ०-८ | 101 | श्री चन्द्र बहादुर अधिकारी | 9842076314 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | श्री वेदव्यास वैदिक सनातन गुरुकुलम | ६ | ०-६ | 20 | श्री सुजन भट्टराई | 9862328968 |
| २३ | श्री बौद्ध गुम्बा | ५ | ०-२ | 13 | श्री महेन्द्रजंग तामाङ | 9841492080 |
| २४ | श्री नवनाथ सिद्ध गुरु गोरक्षनाथ | ३ | ०-४ | 8 | श्री शोभा मैनाली | 9810555124 |
| २५ | श्री तजबिदुल मदरसा | ७ | ०-५ | 140 | श्री वसीरुदिन खान | 9812340036 |
| जम्मा | | | | 6844 | | |

## उर्लाबारी नगरपालिकाभित्र रहेका संस्थागत विद्यालयहरुको विवरण:

| क्र.स. | विद्यालयको नाम | वडा | सञ्चालित कक्षा | प्रिन्सिपल/सम्पर्क व्यक्ति | फोन नं. |
|---|---|---|---|---|---|
| १ | झारसाँदी इङ्लिस बोर्डिङ स्कूल | १ | ०-१० | Dinesh Pokhrel | 9842041577 |
| २ | मधुमल्ला चिल्ड्रेन एकेडेमी | १ | ०-८ | Netra Prasad Gadtaula | 9815355325 |
| ३ | सुनदह इङ्लिस बोर्डिङ स्कुल | १ | ०-५ | Yogesh Shrestha | 9804313903 |
| ४ | सिर्जना मन्टेस्वरी स्कूल | १ | बाल कक्षा | Deepak Shrestha | 9810468252 |
| ५ | ब्रिलियन्ट अंग्रेजी बोर्डिङ स्कूल | २ | ०-९ | Tara Subba | 9805316665 |
| ६ | विद्याज्योति बोर्डिङ सेकेण्डरी स्कुल | ३ | ०-१२ | Dhak Bahadur Thapa | 9842099270 |
| ७ | हिमालय बालसंसार अंग्रेजी बोर्डिङ स्कूल | ३ | ०-१० | Rudra Bahadur Khadka | 9804016873 |
| ८ | शुभकामना अंग्रेजी बोर्डिङ स्कूल | ३ | ०-१० | Jivan Basnet | 9852045631 |
| ९ | सनसाइन अंग्रेजी माध्यमिक बोर्डिङ स्कूल | ३ | ०-१० | Surendra Subedi | 9852029305 |
| १० | ब्रिलियन्ट एकेडेमी | ३ | ०-८ | Khagendra Gadal | 9813450888 |
| ११ | योङ किडस मन्टेश्वरी स्कुल | ३ | बाल कक्षा | Nirmaladevi Bhattarai | 9844697715 |
| १२ | सप्तकोशी इङ्लिस बोर्डिङ सेकेन्डरी स्कूल | ४ | ०-१२ | Baijayanti Mishra | 9852059975 |
| १३ | श्री हिमचुली मावि | ४ | ०-१० | Lekhnath Khadka | 9842086194 |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | सेन्ट स्टेफेन्स स्कूल | ४ | ०-८ | Netra Bhandari | 9811392000 |
| १५ | नेशनल भिजन इंग्लिश बोर्डिङ स्कुल | ४ | ०-५ | Rabindra Niralula | 9842269717 |
| १६ | सिद्धार्थ मन्टेश्वरी | ४ | बाल कक्षा | Rekha Khadka Shrestha | 9819310536 |
| १७ | सुनगाभा आवासिय मा वि | ५ | ०-१२ | Bhuban Shrestha | 9852054292 |
| १८ | पल्लवी विद्यामन्दिर | ५ | ०-६ | Dhundu Raj Bhattarai | 9842470466 |
| १९ | उर्लाबारी नमूना इङ्लिस बोर्डिङ स्कुल | ५ | ०-६ | Pabitra Raj Karki | 9852041697 |
| २० | उर्लाबारी लिटिल एन्जल्स इङ्लिस बोर्डिङ स्कूल | ५ | ०-५ | Laxmi Prasad Rai | 9844050626 |
| २१ | मनकामना विद्या सदन | ५ | ०-७ | Muna Karki | 9842797991 |
| २२ | होली चाइल्ड अंग्रेजी माध्यमिक विद्यालय | ६ | ०-१२ | Sujan Adhikari | 9842106284 |
| २३ | मोरङ मोडल आवासीय मावि | ६ | ०-१२ | Matrika Prasad Khatiwada | 9841505993 |
| २४ | कुडोस विद्यासदन | ६ | ०-१० | Soniya Kathayat | 9842144862 |
| २५ | लालीगुराँस विद्या मन्दिर | ६ | ०-८ | Ritesh Karki | 9825342821 |
| २६ | भृकुटी मोडल एकेडेमी | ७ | ०-१२ | Mahendra Budhathoki | 9806067484 |
| २७ | पशुपति आवासिय मा वि | ७ | ०-१२ | Anand karki | 9841539665 |
| २८ | लालीगुराँस अंग्रेजी बोर्डिङ स्कूल | ७ | ०-१० | Shyam Bahadur Basnet | 9842098576 |
| २९ | नेपाल आदर्श अंग्रेजी माध्यमिक विद्यालय | ७ | ०-१२ | Sabina Khadka Karki | 9843416350 |
| ३० | नेपाल दर्शन मावि | ७ | ११,-१२ | Sabina Khadka Karki | 9843416348 |
| ३१ | पार्लेन्स इन्टरनेशनल एकेडेमी | ७ | ०-१० | Hem Chandra Bhattarai | 9852683003 |
| ३२ | मेरिगोल्ड नेशनल एकेडेमी | ७ | ०-७ | Maniraj Gajmer | 9815961033 |
| ३३ | आशाकिरण बोर्डिङ स्कुल | ७ | ०-८ | Nabin Rai | 9700909874 |
| ३४ | दिपशिखा मन्टेश्वरी | ७ | बाल कक्षा | Maniraj Gajmer | 9815961033 |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | संस्कार पाठशाला | ७ | बाल कक्षा | Arjun Subedi | 9862125900 |
| ३६ | नेबुला अंग्रेजी स्कूल | ८ | ०-१२ | **Gaurav Rai** | **9842055059** |
| ३७ | न्यू भिजन एकेडेमी | ८ | ०-१० | **Ajit Kumar Bhattarai** | **9841333476** |
| ३८ | प्रतिभा बोर्डिङ स्कूल | ८ | ०-१० | **LN Upadhyaya** | **9851122940** |
| ३९ | ओवल ल्याव्रटरी अंग्रेजी स्कूल | ९ | ०-१० | **Kuber Prasad Neupane** | **9852683789** |
| ४० | शिशु शिक्षा सदन अंग्रेजी विद्यालय | ९ | ०-१० | **Bikram Limbu** | **9842439347** |
| ४१ | श्री बालबाटिका मन्टेश्वरी स्कुल | ५ | बालकक्षा | **Rita Sigdel (Niraula)** | **9842200464** |
| ४२ | श्री बालज्योति बोर्डिङ स्कुल | ९ | ०-५ | **Sovit Khadka** | **9805341344** |

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको दरबन्दी/कोटा विवरणः

| तह | प्रकार | संख्या | कैफियत |
|---|---|---|---|
| प्राथमिक | स्थायी | ११४ | |
| | राहत | १५ | |
| | अस्थायी | ८ | |
| निम्न माध्यमिक | स्थायी | ४१ | |
| | राहत | १० | |
| | अस्थायी | १ | |
| माध्यमिक | स्थायी | २४ | |
| | राहत | २ | |
| | अस्थायी | १ | |
| बा.वि.के.स.का. | | २७ | |
| विद्यालय नर्स | | २ | |
| विद्यालय कर्मचारी (का.स+लेखा कर्मचारी) | | ३१ | |

## २. सबल पक्षहरु

उर्लाबारी नगरपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय सकारात्मक तथा असल अभ्यासहरू कार्यान्वयनमा ल्याएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको अधिकारको प्रभावकारी उपयोग गर्दै आधारभूत तथा माध्यमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने दिशामा विद्यार्थी भर्ना अभियान, विशेष छात्रवृत्ति कार्यक्रम, दिवा खाजा तथा विद्यालय पोसाक वितरण जस्ता लक्षित कार्यक्रम सञ्चालन गरिएका छन्। यी कार्यक्रमहरूले गरिब, विपन्न तथा सीमान्तकृत परिवारका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

विद्यालय वातावरण सुधारका लागि बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनुका साथै उर्लाबारी नगरपालिका बालमैत्री नगरपालिकामा रुपान्तरण हुन गईरहेको छ ।"एक वडा एक बाल उद्यान", "एक विद्यार्थी एक बिरुवा" र "एक विद्यालय एक बगैंचा" जस्ता अवधारणाहरूले सिकाइलाई व्यवहारिक, वातावरणसँग जोडिएको र जीवनोपयोगी बनाउने प्रयास गरेका छन्। सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित परिसर निर्माणले विद्यालयलाई सिकाइ अनुकूल बनाउने दिशामा सकारात्मक परिणाम देखाउन थालेको छ।

शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रविधि एकीकरणमा विशेष ध्यान दिइएको छ। स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला विस्तार, इन्टरनेट जडान तथा डिजिटल सामग्री र बालकक्षामा सिकाइ तथा खेल सामग्रीको प्रयोगले आधुनिक शिक्षण सिकाइ प्रक्रिया प्रवर्द्धन गरेको छ। "एक विद्यालय एक स्वास्थ्यकर्मी" र "एक विद्यालय एक मनोसामाजिक परामर्शदाता" जस्ता अभ्यासहरूले विद्यार्थीको शारीरिक तथा मानसिक स्वास्थ्यलाई पनि शिक्षा प्रणालीको अभिन्न अंगका रूपमा स्वीकार गरेको देखिन्छ, जसले समग्र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

समावेशी शिक्षाको क्षेत्रमा महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा अन्य सीमान्तकृत समूहलाई विशेष प्राथमिकता दिइएको छ। अपाङ्गताका प्रकृतिअनुसार सहायक सामग्री, छात्रवृत्ति तथा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ। महिला शिक्षकहरूको नेतृत्व विकास तालिमले विद्यालय व्यवस्थापन र शैक्षिक नेतृत्वमा लैङ्गिक सन्तुलन कायम गर्न सहयोग पुऱ्याएको छ।

यसका अतिरिक्त, सामुदायिक सिकाइ केन्द्रहरूको सक्रियता बढाई वयस्क साक्षरता, निरन्तर शिक्षा र जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गरिएको छ। विद्यालयस्तरमा नियमित शैक्षिक अनुगमन, उपलब्धि परीक्षण, अभिभावक शिक्षक अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप, विज्ञान प्रदर्शनी तथा प्रतिभा पहिचान कार्यक्रमहरू सञ्चालन गरी सिकाइ उपलब्धि सुधारमा ध्यान दिइएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरी युवाहरूलाई स्वरोजगार र उद्यमशीलतातर्फ उन्मुख गराउने पहल पनि अघि बढाइएको छ।

समग्रमा उर्लाबारी नगरपालिकाले शिक्षामा पहुँच, गुणस्तर, समावेशीकरण र दिगोपनालाई एकसाथ सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ। यदि यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन र स्रोत

व्यवस्थापन सुनिश्चित गर्न सकियो भने स्थानीय स्तरमै गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकासको नमुना स्थापित हुनसक्ने सम्भावना प्रबल रहेको छ।

## ३. शिक्षा क्षेत्रका समस्याहरू

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरे तापनि, उर्लाबारी नगरपालिकाभित्र गुणस्तरीय शिक्षाको पूर्ण प्रत्याभूति गर्न पाँच मुख्य आयामहरूमा गम्भीर समस्या र चुनौतीहरू विद्यमान छन्। यी चुनौतीहरूको वस्तुनिष्ठ पहिचान नै आगामी परियोजनाको प्रभावकारी कार्यान्वयनको आधार हो।

१. शैक्षिक पहुँच, स्थायित्व र समताका चुनौतीहरूः

नगरपालिकाभित्र गरिब, सीमान्तकृत, अपाङ्गता भएका बालबालिका र दलित समुदायका लक्षित समूहहरूको विद्यालयमा भर्ना दर सन्तोषजनक भए तापनि उनीहरूको निरन्तरता र उच्च शिक्षामा पहुँचमा ठूलो असमानता देखिएको छ। विशेषगरी, आधारभूत तह पार गरेपछि माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीहरूले विद्यालय छाड्ने दर अझै उच्च छ, जसका लागि गरीबी, बालश्रम र सामाजिक-सांस्कृतिक कारणहरू जिम्मेवार छन्। यसका साथै, विभिन्न कारणले विद्यार्थीहरू एक विद्यालयबाट अर्को पालिकामा स्थानान्तरण हुने दरले शैक्षिक निरन्तरतामा असर पारेको छ भने बालमैत्री कक्षाकोठा, उपयुक्त शौचालयको अभाव र विभेदकारी व्यवहारका कारण सीमान्तकृत बालबालिकाका लागि विद्यालय वातावरण सहज हुन सकेको छैन।

२. शिक्षण सिकाइको गुणस्तर र सिकाई उपलब्धिमा कमीः

भौतिक पूर्वाधारमा गरिएको लगानी र शिक्षक संख्याको वृद्धिले मात्र शिक्षाको गुणस्तरमा सुधार नआएको तथ्य विद्यार्थीको कमजोर सिकाई उपलब्धिले पुष्टि गर्दछ। नगरका अधिकांश विद्यालयमा कक्षागत र विषयगत रूपमा (विशेषगरी गणित, विज्ञान र अङ्ग्रेजीमा) विद्यार्थीको नतिजा राष्ट्रिय औसतभन्दा कम छ। यसको प्रमुख कारण शिक्षकहरूले अझै पनि बालमैत्री, रचनात्मक र क्रियाकलापमा आधारित शिक्षण सिकाइ विधि प्रयोग नगरी परम्परागत व्याख्यान विधिमा निर्भर रहनु हो। यसका अतिरिक्त, स्थानीय आवश्यकता, संस्कृति र जीवनोपयोगी सीपहरू समावेश भएको पाठ्यक्रमको विकास र कार्यान्वयन हुन नसक्नुका साथै, मूल्याङ्कन प्रणाली केवल परीक्षामा केन्द्रित हुँदा विद्यार्थीको वास्तविक सिकाई स्तर मापनमा समस्या आएको छ।

३. शिक्षक तथा कर्मचारीको क्षमता विकास र व्यवस्थापनमा समस्याः

शिक्षाको गुणस्तर शिक्षकको क्षमतामा निर्भर रहने भए तापनि, शिक्षकहरू आफ्नो विषयगत क्षेत्रमा पर्याप्त तालीम र क्षमता विकासको अवसरबाट वञ्चित रहेका छन्, जसले गर्दा नयाँ पाठ्यक्रम र शिक्षण प्रविधिको प्रयोग गर्न सक्ने क्षमतामा कमी आएको छ। साथै, समयमा वृत्तिविकासको अवसर र कार्यसम्पादनमा आधारित प्रोत्साहनको अभावले शिक्षक तथा कर्मचारीको उत्प्रेरणामा ह्रास आएको छ। विद्यालयहरूमा विद्यार्थी संख्या र विषयगत आवश्यकताका आधारमा शिक्षकको दरबन्दी मिलान कार्य अझै वैज्ञानिक र

प्रभावकारी हुन सकेको छैन भने विद्यालय प्रधानाध्यापक र व्यवस्थापन समितिमा शैक्षिक नेतृत्व तथा व्यवस्थापकीय क्षमता विकासको आवश्यकता रहेको छ।

४. भौतिक पूर्वाधार र सूचना तथा सञ्चार प्रविधि (ICT) को अभावः

गुणस्तरीय शिक्षण सिकाइका लागि आवश्यक बालमैत्री कक्षाकोठा, पर्याप्त फर्निचर, पुस्तकालय, विज्ञान प्रयोगशाला, शुद्ध खानेपानी र विशेषगरी छात्राहरूका लागि उपयुक्त शौचालयजस्ता भौतिक पूर्वाधारको अभाव धेरै विद्यालयहरूमा विद्यमान छ। यद्यपि विद्यालयहरूमा इन्टरनेट, कम्प्युटर र प्रोजेक्टरजस्ता उपकरणको व्यवस्था भए तापनि शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग अत्यन्त न्यून छ, जसको कारण प्रभावकारी प्रयोग गर्ने शिक्षकको क्षमता अपर्याप्त हुनु हो। कक्षाकोठामा उपयुक्त सन्दर्भ सामग्री, शैक्षिक खेलौना र सिकाइ सामग्रीहरूको उपलब्धता कम हुँदा शिक्षण सिकाइ नीरस र सैद्धान्तिक मात्र हुने गरेको छ।

५. शैक्षिक सुशासन र सरोकारवालाको भूमिकामा अस्पष्टताः

स्थानीय सरकारको एकल अधिकार सूचीमा रहेको शिक्षा क्षेत्रमा प्रभावकारी सुशासन कायम हुन सकेको छैन। नगरपालिका शिक्षा शाखाबाट विद्यालयहरूको नियमित निरीक्षण, अनुगमन र मूल्याङ्कन प्रभावकारी नहुँदा प्राप्त नतिजाको आधारमा सुधारात्मक कार्ययोजना लागु गर्ने परिपाटी कमजोर छ। विद्यालय व्यवस्थापन समिति र अभिभावक सङ्घको भूमिका केवल औपचारिकतामा सीमित हुनु र विद्यालयको शैक्षिक तथा वित्तीय सुशासन कायम गर्नमा सक्रिय सहभागिता र जवाफदेहिताको कमी देखिनु अर्को प्रमुख चुनौती हो। स्थानीयस्तरमा शिक्षाको गुणस्तर सुधारका लागि सरकारी श्रोतका अतिरिक्त गैर-सरकारी संस्था, निजी क्षेत्र र सामुदायिक श्रोतको परिचालन प्रभावकारी हुन सकेको छैन भने शिक्षासम्बन्धी तथ्याङ्क सङ्कलन, भण्डारण र विश्लेषणको एकीकृत प्रणाली व्यवस्थित नहुँदा निर्णय निर्माण प्रक्रिया तथ्यमा आधारित हुन सकेको छैन। वस्तुस्थिति पत्र तयारी (प्राथमिक र द्वितिय तथ्यांक)

**४. अवसरहरू**

योजनाको सफलतालाई समर्थन गर्न सक्ने बाह्य सकारात्मक तत्वहरूः

- **संघीय विशेष अनुदानको उपलब्धताः** परियोजनाको ९०% श्रोत संघीय विशेष अनुदानबाट सुनिश्चित हुनुले वित्तीय जोखिमलाई न्यूनीकरण गरेको छ।
- **दीगो विकास लक्ष्य (SDG) सँग तालमेलः** यो परियोजना दिगो विकास लक्ष्यको लक्ष्य नं ४ (गुणस्तरीय शिक्षा) सँग प्रत्यक्ष रूपमा जोडिएको हुनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग र साझेदारी प्राप्त हुने सम्भावना रहन्छ।
- **ICT को बढ्दो पहुँच र प्रयोगः** सूचना तथा सञ्चार प्रविधि (ICT) र अनलाइन प्लेटफर्महरूको सहज उपलब्धताले शिक्षण सिकाइमा प्रविधिको प्रयोग बढाउन अवसर प्रदान गर्नु।

- **सरोकारवालाको व्यापक सहभागिताः** अभिभावक, निजी क्षेत्र , र गैर-सरकारी संस्थाहरूको शिक्षा सुधारमा सहयोग र सहकार्य गर्ने तत्परता हुनु।
- **संघीय/प्रदेश सरकारको नीतिगत सहयोगः** राष्ट्रिय शिक्षा नीति र प्रदेश शिक्षा ऐनको कार्यान्वयनमार्फत थप नीतिगत र प्राविधिक सहयोग प्राप्त हुने अवसर रहनु।

**५. चुनौतीहरू**

योजनाको कार्यान्वयनमा बाधा पुऱ्याउन सक्ने बाह्य नकारात्मक तत्वहरूः

- **राजनीतिक अस्थिरता र प्राथमिकतामा परिवर्तनः** स्थानीय सरकारको नेतृत्व परिवर्तन वा राजनीतिक अस्थिरताका कारण परियोजनाको प्राथमिकता वा बजेटमा हेरफेर हुन सक्ने जोखिम।
- **महामारी वा विपद्को जोखिमः** प्राकृतिक प्रकोप वा महामारीले विद्यालय सञ्चालन र शैक्षिक गतिविधिमा अवरोध पुऱ्याउन सक्ने चुनौती।
- **शिक्षकको सरुवा र अभावः** संघीय कानुन र प्रादेशिक समन्वयको अभावमा शिक्षकको अनावश्यक सरुवा हुने वा विषयगत शिक्षकको अभाव कायमै रहने जोखिम।
- **वित्तीय श्रोतको जोखिमः** संघीय अनुदानको प्रवाहमा ढिलाइ वा कटौती हुँदा परियोजना कार्यान्वयनमा आर्थिक समस्या आउने सम्भावना।
- **समुदायको न्यून अपेक्षा र सहयोगको अभावः** शिक्षाको गुणस्तर सुधारमा समुदाय र अभिभावकको अपेक्षा न्यून रहनु वा सक्रिय सहयोग प्राप्त नहुनु।

# परिच्छेद २

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

**उर्लाबारी नगरपालिका "समतामूलक पहुँच, जीवनोपयोगी सीप र उच्च सिकाइ उपलब्धिसहित बालमैत्री गुणस्तरीय शिक्षाको केन्द्र"**

## २.२ लक्ष्य

**समावेशी पहुँच सुनिश्चित गर्दै गुणस्तरीय, सीपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको विकास गर्ने**

## २.३ उद्धेश्य

| क्र.स. | उद्देश्य | व्याख्या |
|---|---|---|
| १. | गुणस्तरीय शिक्षाको मार्गचित्र तयार गर्नु | नगरभित्रको शिक्षा क्षेत्रको वर्तमान अवस्था, चुनौती र सम्भाव्यताको वस्तुनिष्ठ विश्लेषण गरी आगामी दश वर्षका लागि स्पष्ट शैक्षिक नीति, मापदण्ड र कार्ययोजनासहितको एकीकृत शैक्षिक मार्गचित्र तयार पार्नु। |
| २. | गुणस्तरीय शिक्षाको अवरोधका क्षेत्र पहिचान गर्नु र सम्बोधन गर्नु | शैक्षिक पहुँचको असमानता, उच्च ड्रपआउट दर, र बालमैत्री वातावरणको अभाव जस्ता विद्यमान समस्याको जड पहिचान गरी लक्षित वर्ग (गरिब, सीमान्तकृत, अपाङ्गता भएका बालबालिका) को शिक्षामा पहुँच र निरन्तरता सुनिश्चित गर्न विग स्कुलको अवधारणा सहित विशेष कार्यक्रमहरू सञ्चालन गर्नु। |
| ३. | गुणस्तरीय शिक्षाको सुधारको आयाम तथा प्राथमिकताका क्षेत्र निर्धारण गर्नु | शिक्षण सिकाइको गुणस्तर, शिक्षक क्षमता विकास, भौतिक पूर्वाधार, शैक्षिक सुशासन र ICT को प्रयोगलाई गुणस्तर सुधारको मुख्य आयामका रूपमा स्थापित गरी लगानी र कार्ययोजनाको प्राथमिकता स्पष्ट पार्नु। |
| ४. | प्राथमिकताका आधारमा रणनीति तथा कार्यक्रम तर्जुमा गर्नु | नगर शिक्षाको आवश्यकता र श्रोतको उपलब्धताका आधारमा तत्काल, मध्यम र दीर्घकालीन प्राथमिकताका क्षेत्रहरूलाई किटान गरी कार्यान्वयनमुखी, समयबद्ध र नतिजामुखी रणनीति तथा कार्यक्रमहरू विकास गर्नु। |
| ५. | गुणस्तरीय शिक्षाका लागि सरोकारवालाको | संघ, प्रदेश र स्थानीय तह, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावक, निजी क्षेत्र र नागरिक समाजसहित सबै सरोकारवालाहरूको शिक्षा सुधारमा |

| | | |
|---|---|---|
| | स्पष्ट भूमिका निर्धारण गर्नु | सहभागिता र जवाफदेहिता सुनिश्चित गर्न स्पष्ट कार्यविभाजन र मापदण्ड तयार गर्नु। |
| ६. | बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्नु | बालबालिकाको शिक्षाको हकलाई केन्द्रबिन्दुमा राख्दै, विद्यालयहरूको वातावरणलाई बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक नीतिगत, संरचनागत र व्यवहारगत सुधार गर्नु। |
| ७. | सिकाई उपलब्धिमा सुधार ल्याउनु | विद्यार्थीको विषयगत सिकाई उपलब्धि (विशेषगरी गणित, विज्ञान र अङ्ग्रेजी) लाई राष्ट्रिय औसतभन्दा माथि पुर्‍याउन शिक्षकलाई नयाँ शिक्षण विधिमा तालीम दिने र स्थानीय पाठ्यक्रम/पाठ्यसामग्रीको विकास गरी कार्यान्वयनमा ल्याउनु। |

क) ,

## २.४ रणनीति र कार्यनीति

परियोजनाका उद्देश्यहरू प्राप्त गर्नका लागि निम्न लिखित ८ वटा मुख्य रणनीतिक आयामहरू निर्धारण गरी तिनलाई कार्यान्वयन गर्न आवश्यक कार्यनीतिहरू तय गरिएको छ।

### ४.१. पुर्वाधार विकास

| **रणनीति**<br>**रणनीतिः** सबै सामुदायिक विद्यालयमा बालमैत्री, समावेशी, सुरक्षित र प्रविधिमैत्री भौतिक तथा शैक्षिक पूर्वाधारको विकास गरी उपयुक्त शिक्षण सिकाइ वातावरण सिर्जना गर्ने। | **कार्यनीतिः** |
|---|---|
| | • बालमैत्री र समावेशी कक्षाकोठा निर्माण मापदण्ड लागु गर्ने। |
| | • छात्रामैत्री, उपयुक्त सरसफाइ र सुरक्षित पिउने पानीको व्यवस्थापन गर्ने। |
| | • आवश्यकताका आधारमा विज्ञान प्रयोगशाला र सुविधायुक्त पुस्तकालय स्थापना/स्तरोन्नति गर्ने। |

| | |
|---|---|
| | • विद्यालयको आवश्यकताअनुसार फर्निचर, शैक्षिक उपकरण तथा सामग्रीहरूको प्रबन्ध गर्ने। |
| | • नियमित मर्मत सम्भारका लागि विद्यालयहरूलाई श्रोत उपलब्ध गराउने। |

## ४.२. बालबालिकाको पहुँच र स्थायित्व

| **रणनीति**<br>**रणनीतिः** विद्यालयबाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने, शैक्षिक स्थायित्व बढाउने र सबै प्रकारका लक्षित समूहको समतामूलक पहुँच सुनिश्चित गर्ने। | **कार्यनीतिः** |
|---|---|
| | • विद्यालय उमेर समूहका सबै बालबालिकाको तथ्याङ्क अद्यावधिक गरी शून्य भर्ना दर सुनिश्चित गर्ने। |
| | • ड्रपआउट दर उच्च भएका विद्यालय र समुदायमा केन्द्रित भर्ना अभियान र 'टिकाउ कार्यक्रम' सञ्चालन गर्ने। |
| | • लक्षित वर्ग (गरिब, अपाङ्गता भएका, दलित) का बालबालिकालाई विशेष छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम लागु गर्ने। |
| | • शैक्षिक स्थानान्तरणको समस्या समाधान गर्न अभिभावक सचेतना र सामाजिक परिचालन गर्ने। |
| | • विद्यालयमा सुरक्षित सिकाइ वातावरण र विभेदमुक्त व्यवहार सुनिश्चित गर्न आचारसंहिता लागु गर्ने। |

## ४.३. शिक्षाका कर्मचारीको क्षमता विकास

| रणनीति | कार्यनीतिः |
|---|---|
| **रणनीतिः** शिक्षक, प्रधानाध्यापक र शैक्षिक व्यवस्थापनमा संलग्न कर्मचारीहरूको विषयगत ज्ञान, शिक्षण कौशल र व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गरी शिक्षण सिकाइको गुणस्तर सुधार्ने। | |
| | • शिक्षकहरूको आवश्यकतामा आधारित विषयगत तालीम सञ्चालन गर्ने। |
| | • शिक्षण विधिमा नवीनता ल्याउन बालमैत्री, गतिविधिमा आधारित र प्रविधिमैत्री शिक्षण तालीम अनिवार्य गर्ने। |
| | • प्रधानाध्यापक र व्यवस्थापन समितिका सदस्यहरूका लागि शैक्षिक नेतृत्व विकास र सुशासनसम्बन्धी तालीम सञ्चालन गर्ने। |
| | • शैक्षिक कर्मचारीहरूलाई अनुगमन, मूल्याङ्कन र शैक्षिक योजना तर्जुमासम्बन्धी तालीम प्रदान गर्ने। |
| | • तालीमको प्रभावकारिता मापन गरी त्यसलाई कार्यसम्पादन मूल्याङ्कनसँग जोड्ने। |

४.४. बालबालिकाको प्रतिभा प्रस्फुटन र जिवनोपयोगी सीप विकास

| रणनीति | कार्यनीतिः |
|---|---|
| **रणनीतिः** औपचारिक शिक्षाका साथै अतिरिक्त क्रियाकलाप र स्थानीय पाठ्यक्रममार्फत बालबालिकाको प्रतिभा प्रस्फुटन गर्ने र उनीहरूलाई समयसापेक्ष, | |

| | |
|---|---|
| जीवनोपयोगी तथा प्राविधिक सीपहरूले सुसज्जित गर्ने। | |
| | • प्रत्येक विद्यालयमा खेलकुद, कला, सङ्गीत र अन्य सिर्जनात्मक अतिरिक्त क्रियाकलापलाई अनिवार्य र नियमित गर्ने। |
| | • कक्षा ६ देखि १२ सम्मका विद्यार्थीहरूका लागि आधारभूत कम्प्युटर सीप, वित्तीय साक्षरता वा अन्य प्राविधिक/जीवनोपयोगी सीपहरू समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण र लागु गर्ने। |
| | • विद्यार्थीहरूको प्रतिभा पहिचान र विकासका लागि नगरस्तरीय प्रतिस्पर्धा, प्रदर्शनी र प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गर्ने। |
| | • 'पठन संस्कृति' विकास गर्न विद्यालयहरूमा पर्याप्त पाठ्यसामग्री र बाल साहित्यको व्यवस्था गर्ने। |

४.५. शैक्षिक सुशासन

| **रणनीति** | **कार्यनीतिः** |
|---|---|
| **रणनीतिः** शिक्षा क्षेत्रको व्यवस्थापन र सञ्चालनमा पारदर्शिता, जवाफदेहिता र सहभागिता सुनिश्चित गरी शैक्षिक सुशासनको अवस्था सुदृढ गर्ने। | |
| | • विद्यालयहरूको नियमित निरीक्षण, अनुगमन र मूल्याङ्कनका लागि प्रभावकारी मापदण्ड र कार्यविधि तयार गरी लागु गर्ने। |
| | • 'नतिजामा आधारित प्रोत्साहन' प्रणाली लागु गरी उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय, शिक्षक र कर्मचारीलाई पुरस्कृत गर्ने। |
| | • शिक्षक दरबन्दी मिलान कार्यलाई वैज्ञानिक, पारदर्शी र आवश्यकतामा आधारित बनाउने। |

| | |
|---|---|
| | • शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली (EMIS) लाई प्रभावकारी रूपमा प्रयोग गरी तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई प्रोत्साहन गर्ने। |
| | • विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको क्षमता अभिवृद्धि गरी उनीहरूको भूमिकालाई शैक्षिक र वित्तीय सुशासन कायम गर्नमा सक्रिय बनाउने। |

४.६. शिक्षण सिकाईमा ICT को प्रयोग

| **रणनीति** | **कार्यनीतिः** |
|---|---|
| **रणनीतिः** शिक्षण सिकाइ प्रक्रियालाई आधुनिक, आकर्षक र प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधि (ICT) को पहुँच विस्तार गर्ने र यसको अधिकतम प्रयोग सुनिश्चित गर्ने। | |
| | • विद्यालयहरूमा इन्टरनेट, कम्प्युटर र प्रोजेक्टर/स्मार्टबोर्ड लगायतका आवश्यक ICT पूर्वाधारको व्यवस्थापन र मर्मत सुनिश्चित गर्ने। |
| | • शिक्षकहरूलाई ICT मैत्री शिक्षण सामग्री तयार गर्ने र कक्षाकोठामा प्रविधि प्रयोग गर्ने सीपसम्बन्धी विशेष तालीम प्रदान गर्ने। |
| | • शैक्षिक सफ्टवेयर, डिजिटल पाठ्यसामग्री र ई-लाइब्रेरीको विकास तथा प्रयोगलाई प्रोत्साहन गर्ने। |
| | • विद्यार्थीहरूलाई आधारभूत डिजिटल साक्षरता र साइबर सुरक्षासम्बन्धी ज्ञान प्रदान गर्ने। |

## ४.७. सरोकारवालाको भुमिका विकास

| रणनीति | कार्यनीतिः |
|---|---|
| **रणनीतिः** शिक्षा सुधारमा अभिभावक, समुदाय, निजी क्षेत्र र गैरसरकारी संघसंस्थाको सहभागिता, सहयोग र जवाफदेहिता सुनिश्चित गरी शिक्षामा बहु-सरोकारवाला साझेदारीको संस्कृति विकास गर्ने। | |
| | • शिक्षा सुधारका लागि अभिभावक शिक्षा र सचेतना कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्ने। |
| | • स्थानीय श्रोत परिचालनका लागि निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरूसँग शैक्षिक साझेदारी (PPP Model) मा काम गर्ने। |
| | • शिक्षा परिषद् वा सल्लाहकार समूह गठन गरी सरोकारवालाहरूको नियमित परामर्श र सुझाव लिने संयन्त्र विकास गर्ने। |
| | • विद्यालयको कार्यसम्पादनको मूल्याङ्कन नतिजा समुदायमा सार्वजनिक गरी जवाफदेहिता बढाउने। |

## ४.८. आपतकालिन शिक्षा

| रणनीति | कार्यनीतिः |
|---|---|
| **रणनीतिः** प्राकृतिक प्रकोप, महामारी वा अन्य आपतकालीन अवस्थामा बालबालिकाको शैक्षिक निरन्तरता सुनिश्चित गर्न सुरक्षित र प्रभावकारी वैकल्पिक शिक्षण सिकाइ प्रणालीको विकास र तयारी गर्ने। | |
| | • विद्यालयस्तरीय विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा गरी कार्यान्वयन गर्ने। |

| | |
|---|---|
| | • शिक्षक र विद्यार्थीलाई आपतकालीन अवस्थामा प्रयोग हुने वैकल्पिक शिक्षण विधि र मानसिक-सामाजिक सहयोगसम्बन्धी तालीम प्रदान गर्ने। |
| | • आपतकालीन शिक्षणका लागि आवश्यक तयारी सामग्री (शिक्षा किट) को भण्डारण गर्ने। |

## २.६ अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई शिक्षामा **समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ,**

ख) **सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित भएको हुनेछ,**

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, **अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ**

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ

ङ) न्युन विद्यार्थी संख्या भएका विद्यालयहरुलाई समायोजन गरी विग स्कुल स्थापना हुनेछ ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष EMIS २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| | १. प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | १२०.५ | १२० | ११९ | ११५ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | १०० | १०० | १०० | १०० |
| | २. आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | ९४ | ९५ | ९६ | ९९ |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १२३.२ | १२२ | १२१ | १२० |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९१.१ | ९२ | ९३ | ९५ |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | १२७.७ | १२५ | १२४ | १२३ |

| क्र.स. | सूचक | आधार वर्ष EMIS २०८२ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | ९९.५ | ९९.६ | ९९.८ | १०० |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | १११ | १११ | ११२ | ११३ |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | ८८.५ | ८९ | ९१ | ९५ |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | ९० | ९२ | ९४ | ९८ |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | ८.९ | ८ | ७ | ० |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९२.१ | ९५ | ९६ | १०० |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ९७.९ | ९८ | ९९ | ९९.५ |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ८८.५ | ९० | ९२ | ९५ |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | ७२ | ७५ | ८५ | ९० |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | १ | ०.५ | ० | ० |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | ४६.५ | ४७ | ४८ | ५० |
| | **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ६६.७ | ६८ | ७० | ९० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ९२.८ | ९३ | ९५ | ९७ |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | ८५.३ | ८७ | ८९ | ९२ |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ७४ | ७५ | ८० | ९५ |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | ६२.४ | ६५ | ६८ | ८५ |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | २५.९ | २७ | २९ | ३५ |
| | **४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | |

| क्र.स. | सूचक | आधार वर्ष EMIS | | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|---|
| | | | २०८२ | | | |
| १.१ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | | १०० | १०० | १०० | १०० |
| | **५. सुशासन तथा व्यवस्थापन** | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | | १:१४ | १:१७ | १:११९ | १:२३ |
| ५.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | | १:३४ | १:३३ | १:३२ | १:३० |
| ५.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | | १:२० | १:२२ | १:२४ | १:३० |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | | १:३४ | १:३३ | १:३२ | १:३० |
| ५.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | | १:३१ | १:३० | १:२९ | १:२८ |

# परिच्छेद ३

## विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचयः

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.२ वर्तमान अवस्थाः

उर्लाबारी नगरपालिकामा हाल जम्मा ७१ वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन्, जसमा सामुदायिकतर्फ ३१ र संस्थागत विद्यालयतर्फ ४० केन्द्र रहेका छन्। यी केन्द्रहरूमा कुल **२६७६** जना बालबालिका अध्ययनरत रहेका छन्, जसमध्ये **१४५७** जना छात्र र **१२१९** जना छात्रा रहेका छन्। बालविकास केन्द्रको सहजै देखिने भर्नादर १२०.५ प्रतिशत रहेको देखिन्छ, जसले पहुँच विस्तार भएको संकेत गरे पनि शतप्रतिशत लक्ष्य अझै हासिल हुन बाँकी रहेको देखाउँछ।

बालविकास कार्यक्रम पूरा गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको प्रतिशत १०० प्रतिशत रहेको देखिन्छ। कक्षा १ मा प्रवेश गरेका बालबालिकाको सिकाइ उपलब्धि र कक्षागत अनुकूलन क्षमता तुलनात्मक रूपमा राम्रो देखिएको छ, जसले बालविकास कार्यक्रमको प्रभावकारिता पुष्टि गर्दछ।

समावेशी पहुँचको दृष्टिले दलित बालबालिकाको संख्या ३१४ र अपाङ्गता भएका बालबालिकाको संख्या ३२ रहेको छ। यी तथ्याङ्कले समावेशी सहभागिता बढ्दो क्रममा रहेको देखाए पनि जनसंख्या अनुपात अनुसार अझ सुधारको आवश्यकता रहेको देखिन्छ। विशेषगरी अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्री, पहुँचयोग्य भौतिक संरचना तथा प्रशिक्षित जनशक्ति व्यवस्था सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।

बालविकासका न्यूनतम सक्षमता मापदण्ड पूरा गरेका संस्थागत विद्यालयको संख्या ४० रहेको छ, जुन कुल संस्थागत विद्यालयको ९५.२३ प्रतिशत हो। न्यूनतम सक्षमता अन्तर्गत सुरक्षित कक्षाकोठा, खेलमैत्री सिकाइ सामग्री, प्रशिक्षित सहजकर्ता, बालमैत्री शौचालय र सुरक्षित खानेपानी जस्ता सूचकहरू समावेश गरिएका छन्। हाल यी मापदण्ड पूर्ण रूपमा कार्यान्वयन भएका केन्द्रहरूको अनुपात सीमित रहेको देखिएकाले गुणस्तर सुधारका लागि थप लगानी र अनुगमन आवश्यक देखिन्छ।

समग्रमा हेर्दा उर्लाबारी नगरपालिकामा प्रारम्भिक बालविकासको पहुँच र विस्तार सन्तोषजनक देखिए पनि गुणस्तर, समावेशिता र न्यूनतम सक्षमता सुनिश्चिततामा अझ रणनीतिक हस्तक्षेप आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ

**तालिका १**

**प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | 31 | 300 | 293 | 593 | 49 | 64 | 113 | 15 | 13 | 28 |
| संस्थागत | 40 | 1163 | 919 | 2082 | 104 | 97 | 201 | 2 | 2 | 4 |
| जम्मा | 71 | 1463 | 1212 | 2675 | 153 | 161 | 314 | 17 | 15 | 32 |

उर्लाबारी नगरपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ। यसले ५ वर्ष मुनिका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ। नगरपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागू गरेको छ, जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ। हाल यस नगरपालिकामा बाल विकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधारको कमी देखिएको छ। धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य—दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ। यद्यपि, नगरपालिकाले यी केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाएको छ र निजी क्षेत्रसँगको सहकार्यमा नयाँ केन्द्र स्थापना गर्ने सम्भावनाहरूलाई आफ्नो सबल पक्षको रूपमा लिएको छ।

### ३.१.३ उदेश्यः

- **४-५ वर्षका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षाको पहुँचमा सुनिश्चित गर्नु।**
- **बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड आधारमा गुणस्तरीय बनाउनु।**
- **सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु।**

### ३.१.४ रणनीतिहरू

- **भर्ना अभियान सशक्त बनाउने,**
- **बालबालिकाहरुलाई सहयोग कार्यक्रम सञ्चालन गर्ने,**
- **अभिभावक शिक्षाको प्रवर्द्धन गर्ने,**
- **सीमान्तकृत बालबालिकाका लागि लक्षित कार्यक्रम,**

- **वडा र पालिकास्तरमा १००% बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित गर्ने घोषणा कार्यक्रम सञ्चालन गर्ने,**
- **पाठ्यक्रम अनुरूप सिकाइ सहजीकरण हुने व्यवस्था गर्ने,**
- **बालमैत्री र पूर्ण सिकाइ वातावरण निर्माण गर्ने,**
- **न्यूनतम मापदण्ड सुनिश्चितता गर्ने तथा सिकाइ वातावरण सुदृढीकरण गर्ने,**
- **शिक्षक क्षमता अभिवृद्धि गर्ने,**
- **सहजकर्ताको पारिश्रमिक वृद्धि गर्ने,**
- **नमुना केन्द्रको विकास गर्ने।**

### ३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

क) **अपेक्षित उपलब्धिः** उर्लाबारी नगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ। यस अन्तर्गत लक्षित उमेर समूहका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज, समावेशी र समान पहुँच उपलब्ध हुनेछ। साथै, सबै बालबालिकाले प्रारम्भिक बालविकास तथा शिक्षाको पूर्ण अनुभव हासिल गरी आवश्यक सक्षमता विकासपछि कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त गर्नेछन्, जसले उनीहरूको सिकाइको आधार सुदृढ भई दीर्घकालीन शैक्षिक सफलतामा सकारात्मक प्रभाव पार्नेछ।

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | समुदाय भ्रमण र विद्यार्थी विवरण सङ्कलनमा आधारित सघन भर्ना अभियान सञ्चालन | विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | ३१० | |
| २ | विद्यालय मार्फत अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | ३१० | |
| ३ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | प्रस्तावनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकासको सुनिश्चतको | विद्यालय | ४ | ५ | ५ | ५ | ४ | २३ | ४६ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लागि सहयोग कार्यक्रम सञ्चालन | | | | | | | | | |
| ५ | बालविकासको सहजकर्ताको पारिश्रमीकमा थप प्रोत्साहन भत्ताको व्यवस्था | जना | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | ३१० | |
| ६ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि बार्षिक रुपमा क्षमताविकास तालिम कार्यक्रम सञ्चालन | जना | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | ३१० | |
| ७ | वर्षको कम्तिमा १ पटक सहजकर्ताहरुसँग पालिका स्तरीय समीक्षा बैठक सञ्चालन | जना | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | ३१० | |
| ८ | सिकाइका ६ कुनाको सुदृढिकरण | विद्यालय | ० | २१ | २१ | २१ | २१ | ८४ | १६८ | |
| ९ | बाल विकास तथा शिक्षाको पाठ्यक्रमको पूर्ण कार्यान्वयन | विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | ३१० | |
| १० | वडागत नमुना बालविकास केन्द्रको स्थापना कार्यक्रम | वडा | १ | १ | १ | १ | १ | ५ | ७ | |
| ११ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता वृद्दि | जना | ० | ३१ | ३१ | ३१ | ३१ | १२४ | २४८ | |
| १२ | प्रति विद्यार्थी अनुदान सहयोग | केन्द्र | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | ३१० | |

## ३.२ आधारभतू शिक्षा

### ३.२.१ परिचय

नेपालको नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्ने अधिकार छ। यसले राज्यलाई सबै बालबालिकाका लागि समान, समावेशी र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व प्रदान गरेको छ। राष्ट्रिय शिक्षा नीतिले आधारभूत शिक्षालाई १—८ कक्षासम्म परिभाषित गर्दै समावेशी, जीवनोपयोगी तथा सीपमुखी शिक्षामा जोड दिएको छ। नीति अनुसार सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु राज्यको प्राथमिकता हो। त्यसैगरी अनिवार्य तथा

निःशुल्क शिक्षा ऐनले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने स्पष्ट व्यवस्था गरेको छ। यस ऐनले अभिभावकलाई बालबालिकालाई विद्यालय पठाउने जिम्मेवारी तोकेको छ भने राज्यलाई आवश्यक पूर्वाधार, शिक्षक र स्रोत—साधन उपलब्ध गराउने कानुनी दायित्व दिएको छ। यसरी संविधान, नीति र ऐनले आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन्।

### ३.२.२ वर्तमान अवस्था

उर्लाबारी नगरपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या ३८१७, शिक्षक दरबन्दी १९५ र शिक्षक—विद्यार्थी अनुपात १:२० रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित ७१२, र अपाङ्गता भएका बालबालिका १६ रहेका छन् । केही विद्यालयमा पूर्वाधार, जस्तै कक्षा कोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधिमा थप सुधार गर्नुपर्ने देखिन्छ ।यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्यानुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ।

**तालिका २**

**आधारभुत शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ११ | १८२३ | १९९८ | ३८२१ | ३४६ | ३६७ | ७१३ | १० | ७ | १७ |
| संस्थागत | १३ | ४५०६ | ३८२० | ८३२६ | ३८३ | ३१० | ६९३ | १४ | ४ | १८ |
| जम्मा | २४ | ६३२९ | ५८१८ | १२१४७ | ७२९ | ६७७ | १४०६ | २४ | ११ | ३५ |

उर्लाबारी नगरपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको छ।यस नगरपालिकामा केही बालबालिका अझै विद्यालय बाहिर रहेका छन्। सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको अभाव देखिएको छ। विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको छ।

### ३.२.३ उद्देश्य

- **९-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षमा समतामूलक पहुँच र सहभागीतामा वृद्दि गर्नु।**
- **आधारभूत तहका बालबालिकाहरुमा न्युनतम सिकाइ उपलव्धि सुनिश्चित गर्नु।**
- **न्युनत्तम भौतिक संरचना सहित सरकारले तोकेको न्युनत्तम सिकाइ वातावरणको सुनिश्चतता गर्नु ।**

- विद्यार्थी सिकाइप्रति उत्तरदायी विद्यालयको व्यवस्थापन तथा प्रबन्धमा उल्लेखनीय सुधार ल्याउनु ।

### ३.२.४ रणनीतिहरू

- पहुँच विस्तार र समावेशीकरणमा जोड दिने । मुलत विद्यालय नक्साङ्कन, पुनर्वितरण, बहुकक्षा शिक्षण र विद्यालय बाहिरका बालबालिकाका लागि प्रोत्साहन कार्यक्रममा जोड दिने ।
- सिकाइ सुधार र शिक्षण विधिमा रूपान्तरण गर्दै एकीकृत पाठ्यक्रम, बालमैत्री शिक्षण, न्यूनतम सिकाइ उपलब्धि, नियमित मूल्याङ्कन, भाषिक र सांस्कृतिक विविधतालाई समेट्ने शिक्षण विधिमा जोड दिने ।
- शिक्षक व्यवस्थापन र क्षमता विकास गर्न तालिम, तयारी, प्रोत्साहन, आवश्यक शिक्षक दरबन्दी व्यवस्थापन र सिकाइ सुधारका लागि सहजीकरण क्षमता अभिवृद्धिमा जोड दिने ।
- विद्यालय वातावरण र स्वास्थ्य पोषणमा जोड दिन खानेपानी, शौचालय, सरसफाइ, पोषण, स्वास्थ्य, बालमैत्री पूर्वाधार, बालउद्यान र हरियाली कार्यक्रम कार्यान्वयन गर्ने ।
- विपद् प्रतिकार्य र शिक्षा निरन्तरताको लागि सूचना प्रविधिको प्रयोग, जलवायु संकट तथा महामारीप्रति संवेदनशील योजना, जीवन उपयोगी सिपको एकीकरण, समग्र शिक्षालाई व्यवहारिक बनाउने।
- शैक्षिक शासन तथा उत्तरदायित्वमा सुधार ल्याउने ।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको पहुँच, सहभागिता र गुणस्तरमा सुधार हुने ।

ख) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.स. | प्रमूख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | समुदाय भ्रमण र विद्यार्थी विवरण सङ्कलनमा आधारित सघन भर्ना अभियान सञ्चालन | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ | ११० | |
| २ | विद्यालय मार्फत अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ | ११० | |
| ३ | अति विपन्न तथा पिछडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | स्वयम्सेवक शिक्षकको व्यवस्था | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकासका लागि मर्मत तथा पुनर्स्थापना (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजाघर) | विद्यालय | २ | २ | २ | ३ | ४ | १३ | २६ | |
| ८ | सिकाइका लागि न्युनतम वातावरणमा आधारित विद्यालय सुधार योजनामा रही प्रस्तावना केन्द्रित विद्यालय सहयोग कार्यक्रम | विद्यालय | ० | ३ | ३ | ३ | ३ | १२ | २४ | |

| क्र.स. | प्रमूख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ९ | शैक्षिक सामग्रीको विकास वितरण तथा व्यवस्थापन | विद्यालय | ० | ३ | २ | ३ | ३ | ११ | २२ | |
| १० | छापामय कक्षाकोठा व्यवस्थापन | विद्यालय | १ | २ | २ | ३ | ३ | ११ | २२ | |
| ११ | शिक्षण सिकाइ सुधारका लागि शिक्षकको पेशागत विकास सम्बन्धी शिक्षक क्षमता कार्यक्रम | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ | ११० | |
| १२ | नयाँ पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी प्रबोधीकरण कार्यक्रम र कार्यान्वयन | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ | ११० | |
| १३ | अभिभावकको साझेदारीमा सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ | ११० | |
| १४ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता, पढाइ उत्सवसहित शैक्षिक प्रदर्शनी मेला सञ्चालन | विद्यालय | ० | ११ | ११ | ११ | ११ | ४४ | ८८ | |
| १५ | एक वडा एक नमूना आधारभूत विद्यालय निर्माण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ११ | |
| १६ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धी वृद्धिका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | सामुदायिक आधारभूत तह (कक्षा १-८) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च (शिक्षण सिकाइ सामग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | जना | ११ | ११ | ११ | ११ | ११ | ५५ | ११० | |
| १९ | आधारभूत विद्यालय (कक्षा १-८) का लागि सञ्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ | ११० | |

| क्र.स. | प्रमूख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | | | | | | | | | |
| २० | Early Grade Learning (EGL) program को न्युनतम package कार्यक्रम व्यवस्थापन र सञ्चालनका लागि विद्यालयहरुलाई बजेट अनुदान | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ | ११० | |
| २१ | आधारभूत तह (कक्षा १-८) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ | ११० | |
| २२ | आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सञ्चालन अनुदान | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| २३ | आवासीय सुबिधा प्राप्त गर्ने बाहेकका बिभिन्न अपाङ्गता भएका बिद्यार्थीहरुलाई थप सुबिधा बापतको बजेट अनुदान | विद्यार्थी | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | |
| २४ | कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | विदयार्थी | ७३२ | ७३२ | ७३२ | ७३२ | ७३२ | ३६६० | ७३२० | |
| २५ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ | ११० | |
| २६ | आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सञ्चालन | विद्यार्थी | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५००० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकालाइ माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशिलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९—१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ । यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ बाट प्रारम्भ भएको छ ।

विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

उर्लाबारी नगरपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी संख्या २३५३ शिक्षक दरबन्दी ४० र शिक्षक—विद्यार्थी अनुपात १:५८ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित २८७ र अपाङ्गता भएका बालबालिका ९ रहेका छन्। केही विद्यालयमा पूर्वाधार, जस्तै कक्षा कोठा, शौचालय , खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि पर्याप्त छैन। यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्यानुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ।

संस्थागत विद्यालयहरूमा विद्यार्थी संख्या २७३१,शिक्षक दरबन्दी पर्याप्त देखिँदैन । संस्थागत विद्यालयहरुमा भौतिक संरचनाहरुको विकास भएता पनि विद्यार्थीहरुलाई उपयुक्त खेलमैदानको कमी देखिन्छ । यस्ता कमजोरीहरूको सुधार, शिक्षक उपलब्धता सुनिश्चित गर्नु र समग्र सिकाइ वातावरण सुदृढ पार्नु आवश्यक छ।

**तालिका ३**

**माध्यमिक शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | १० | १०६५ | १२८८ | २३५३ | १२८ | १५९ | २८७ | ४ | ३ | ७ |
| संस्थागत | २३ | १५०३ | १२३९ | २७४२ | ८६ | १८४ | २७० | १ | २ | ३ |
| जम्मा | ३३ | २५६८ | २५२७ | ५०९५ | २१४ | ३४३ | ५५७ | ५ | ५ | १० |

नेपालको संघीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९–१२ लाई माध्यमिक शिक्षा मानिएको उर्लाबारी नगरपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ। नगरपालिकाको साक्षरता दर उच्च भए पनि माध्यमिक तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको छ। विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा अपर्याप्त रहेको छ भनेकेही विद्यालय अझै ०+२ मोडेलमा सञ्चालन भइरहेका र पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्नुपर्ने अवस्था रहेको छ।

३.३.३ उद्देश्य

क) माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

ग) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु

३.३.४ रणनीतिहरू

क) विद्यालयहरूको नक्साङ्कन तथा संरचनागत सुधार गरी पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्ने

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा आवश्यकता अनुसार स्थापना गर्ने

ग) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने

ङ) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गर्ने

च) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

छ) वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने

ज) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

झ) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने

ञ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने

ट) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने

ठ) शिक्षण—सिकाइ पद्धतिमा सुधार गर्ने

ड) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने

ढ) स्मार्ट बोर्ड, इन्टरनेट तथा श्रव्य—दृश्य सामग्रीको प्रयोग विस्तार गर्ने

ण) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील बनाउने

त) विज्ञान विषय अध्ययनका लागि आवश्यक पूर्वाधारसहितको व्यवस्था गर्ने

थ) थप विद्यालयहरूमा विज्ञान संकाय विस्तारका लागि अध्ययन तथा लगानी गर्ने

द) व्यावसायिक, कृषि, सङ्गीत वा आयुर्वेद जस्ता विशिष्टीकृत विद्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने

ध) छानिएका विद्यालयलाई अङ्ग्रेजी माध्यमबाट नमूना विद्यालयका रूपमा विकास गर्ने

न) यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने

ऩ) सदाचार, अनुशासन र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागू गर्ने

प) सफल व्यक्तिहरूसँग अन्तरक्रिया तथा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने

फ) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने

ब) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्ने

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

माध्यमिक शिक्षामा सबै बालबालिकाका लागि पहुँच सुनिश्चित हुने र शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ। यस अन्तर्गत सबै बालबालिकाले निःशुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् र खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ। सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गर्नेछन्, जसले गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित गर्नेछ र विद्यार्थीहरूको दक्षता, शारीरिक तथा मानसिक विकासमा योगदान पुऱ्याउनेछ।

ख) **प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण**

| क्र.स. | प्रमूख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | समुदाय भम्रण र विद्यार्थी विवरण सङ्कलनमा आधारित सघन भर्ना अभियान सञ्चालन | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० | |
| २ | विद्यालयमार्फत अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ३ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | स्यवम्सेवक शिक्षकको व्यवस्था | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | विद्यालय | २ | २ | १ | २ | १ | ८ | १६ | |
| ८ | सिकाइका लागि न्युनत्तम वातावरणको लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | |
| ९ | शैक्षिक सामग्रीको विकास, वितरण तथा ब्यवस्थापन | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | |
| १० | पुस्तकालय, विज्ञान प्रयोगशाला तथा आइसीटी ल्याबको थप व्यवस्थापन तथा सहयोग | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | |
| ११ | शिक्षण सिकाइ सुधारका लागि शिक्षकको पेशागत विकास सम्बन्धी शिक्षक क्षमता कार्यक्रम | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |

| क्र.स. | प्रमूख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १२ | नयाँ पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी प्रबोधीकरण कार्यक्रम र कार्यान्वयन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| १३ | अभिभावकको साझेदारीमा सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| १४ | पालिका स्तरीय प्रविधिमा आधारित शिक्षा मेला तथा प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धी वृद्धिका लागि छलफल तथा अन्तरक्रिया | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० | |
| १६ | घुम्ति शिक्षक बैठक | पटक | १० | १० | १० | १० | १० | ५० | १०० | |
| १७ | पढ्दै कमाउदै कार्यक्रम | विद्यालय | ० | १० | १० | १० | १० | ४० | ८० | |
| १८ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ९-१०) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | जना | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ | ४३० | |
| १९ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ११-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | जना | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| २० | सामुदायिक आधारभूत तह (कक्षा ९-१२) विद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता | जना | १६ | १६ | १६ | १६ | १८ | ८२ | १६४ | |
| २१ | सामुदायिक आधारभूत तह (कक्षा ९-१२) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च (शिक्षण सिकाइ सामग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० | |

| क्र.स. | प्रमूख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २२ | आधारभूत तह (कक्षा १-१२) का लागि प्र.अ.भत्ता | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० | |
| २३ | आधारभूत विद्यालय (कक्षा १-१२) का लागि सञ्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० | |
| २४ | माध्यमिक तह (कक्षा ९-१२) का लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० | |
| २५ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० | |
| २६ | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० | |

### ३.४ अनौपचारिक शिक्षा तथा आजिवन सिकाई

#### ३.४.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो। औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवनप्रयन्त अर्थात आजीवन सिकाई प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन। आफ्नो जीवनको इतिहास आफै लेख्छन। तसर्थ सिकाई जीवन पद्धतिसंग जोडिएको हुनेछ। अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि शिक्षासंग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ ।

#### ३.४.२ वर्तमान अवस्था

नगरपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेको व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट नगरपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसंख्यामा कुल साक्षरता ८३ प्रतिशत भन्दा माथि पुगेको छ । विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरूका लागि अनौपचारिक शिक्षा र वैकल्पिक सिकाइको अवसर सुनिश्चित गर्ने लक्ष्य राखेको छ। सबै उमेर समूहलाई शिक्षाको मूल प्रवाहमा जोड्दै जीवन पर्यन्त सिकाइलाई प्रोत्साहन गर्ने उद्देश्य लिएको छ। औपचारिक शिक्षाबाट बाहिर रहेका नागरिकहरूलाई समेट्ने संस्थागत संरचना सुदृढ गर्न आवश्यक देखिएको छ। केही सामुदायिक सिकाइ केन्द्र र पुस्तकालय सञ्चालनमा रहे पनि सबै वडामा प्रभावकारी पहुँच विस्तार गर्नुपर्ने अवस्था रहेको छ। मदरसा, गुरुकुल, गुम्बा, विहार र वेद विद्याश्रमजस्ता वैकल्पिक संस्थाहरूको समन्वय र स्रोत सुदृढीकरण आवश्यक रहेको प्रौढ साक्षरता, खुला तथा दूर शिक्षामा सहभागिता बढाउन थप सहजीकरण आवश्यक रहेको छ।

### ३.४.३ उद्देश्य

- नगरपलिकालाई पूर्ण साक्षर गाउँपलिका घोषणा गर्नु ।
- सामुदायिक सिकाइ केन्द्रलाई थप व्यवस्थित गरी निरन्तर सिकाइ तथा आय आर्जनमा परिचालन गर्नु ।
- निरन्तर सिकाइका अवसरहरुको विस्तार गर्नु ।

### ३.४.४ रणनीतिहरू

- साक्षर पालिका घोषणाका लागि समन्वित अभियान सञ्चालन गर्ने । जस्तै पालिका स्तरमा साक्षरता कार्यदल गठन गरिनेछ जसले साक्षरता वृद्धिका लागि दीर्घकालीन कार्ययोजना तयार गर्ने । विद्यालय, नागरिक समाज, सञ्चार माध्यम, राजनीतिक दल, टोल विकास संस्था, अभिभावक, तथा विकास साझेदारहरूलाई अभियानमा समावेश गर्ने । सामुदायिक सिकाइ केन्द्रहरू स्थापना गरी प्रत्येक वडामा पूर्ण साक्षरता कार्यक्रम गर्ने ।
- शैक्षिक संस्था र युवा शक्तिको परिचालन गर्ने । जस्तै माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई साक्षरता तथा निरन्तर सिकाइसँग सम्बन्धित प्रयोगात्मक कार्यमा संलग्न गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण र विस्तार गर्ने । प्रत्येक वडामा कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने । सामुदायिक सिकाइ केन्द्रहरूलाई सरकारी मापदण्डअनुसार व्यवस्थित गर्न अनुगमन तथा प्राविधिक निर्देशन प्रदान गर्ने । केन्द्रहरूलाई निरन्तर साक्षरता, सिप विकास तथा आयआर्जन कार्यक्रम गर्न व्यवस्था मिलाउने ।
- सूचना प्रविधिको प्रयोग र अध्ययन केन्द्रको विकास गर्ने । सूचना प्रविधिसहितको अध्ययन केन्द्र स्थापना गर्ने । जसले डिजिटल माध्यमबाट निरन्तर सिकाइमा पहुँच पुऱ्याउनेछ । केन्द्रहरूलाई साक्षरता, वैकल्पिक शिक्षा, तथा जीवनोपयोगी सीप प्रशिक्षण दिने स्थलका रूपमा विकास गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रहरूलाई सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरेर थप क्रियाशील बनाउने ।
- विकास साझेदारसँग सहकार्य गरी आर्थिक, प्राविधिक, र मानव स्रोत जुटाउने ।
- कार्यक्रम विकास र पहुँच विस्तार गर्ने । जस्तै साक्षरता कक्षा, वैकल्पिक शिक्षाका कार्यक्रम, तथा आजीवन सिकाइका अवसरहरू विस्तार गर्ने । निरक्षरको विवरण सङ्कलन गरी लक्षित कक्षा सञ्चालन गर्ने ।
- संस्थागत सुदृढीकरण र दीर्घकालीन योजना गर्ने । सामुदायिक पुस्तकालय र सूचना केन्द्रको व्यवस्थापन सिकाइ केन्द्रमार्फत गरिनेछ ।
- सीप प्रमाणीकरण र रोजगारमुखी कार्यक्रम सञ्चालन गर्ने । अनौपचारिक रूपमा सिकिएका सीपहरूको प्रमाणीकरण प्रक्रिया सञ्चालन गर्ने । (जस्तै: वैदेशिक रोजगार र पारिवारिक व्यवसायबाट सिकिएका सीप) । आयआर्जन समूह गठन गरी सीपमूलक तालिम र स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने ।

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

- **सिकाइ केन्द्रहरु थप व्यवस्थित भएको हुनुका साथै पूर्ण साक्षर पालिका घोषणा भएको हुने**
- **सिकाइ केन्द्रहरु थप व्यवस्थित भई साक्षरता, निरन्तर सिकाइ तथा आयआर्जनका गतिविधिहरुमा क्रियाशिल भएको हुने।**

| क्रस | प्रमूख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पूर्ण साक्षरता घोषणाको लागि कार्यदल गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | सामुदायिक सिकाइ केन्द्रमार्फत पूर्ण साक्षरता कार्यक्रमहरु सञ्चालन | वडागत | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | पूर्ण साक्षरता घोषणा कार्यक्रम तथा अनिवार्य तथा नि:शुल्क कार्यक्रम | पटक | ० | ० | ० | ० | १ | १ | २ | |
| ४ | सामुदायिक सिकाइ केन्द्रको वार्षिक परीक्षण र समीक्षा कार्यक्रम | केन्द्र | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सहयोग | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | सामुदायिक सिकाइ केन्द्र परिचालकको क्षमता विकास तालिम | जना | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ७ | मा.वि. तहका विद्यार्थी तथा युवालाई निरन्तर सिकाइका लागि परिचालन गर्ने | विद्यार्थी | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| ८ | प्रस्तावनाको आधारमा सामुदायिक सिकाइ केन्द्रलाई साक्षरता र आय आर्जन कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | एक निरन्तर सिकाइका लागि सूचना प्रविधिसहितको अध्ययन केन्द्रको स्थापना | वडागत | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | हाल सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलब भत्ता बापतको बजेट अनुदान | जना | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ४
# अन्तरसम्बन्धित विषय क्षेत्रहरु

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

नेपालमा विद्यमान संविधान, राष्ट्रिय शिक्षा नीति, शिक्षा ऐन तथा सम्बन्धित नियम—निर्देशनले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रमुख माध्यमका रूपमा लिएको छ। यी कानुनी प्रावधानअनुसार पाठ्यक्रमले विद्यार्थीको सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक, जीवनोपयोगी सीप विकास गर्न लक्षित छ भने मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धि, दक्षता र सिकाइ प्रक्रियामा प्रगतिको मापन गर्दै विद्यार्थीको पूर्ण मूल्याङ्कन गर्न सुनिश्चित गर्दछ। यसले शिक्षक र विद्यालयलाई पनि जिम्मेवार बनाउँदै शिक्षा प्रणालीमा पारदर्शिता, समावेशिता र गुणस्तरीय सुधारको वातावरण सिर्जना गर्ने कार्य गर्दछ।

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालयअन्तगत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यकम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू गरियो । यसै क्रममा वि.सं.२०७६ सालमा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ ।राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ।

### ४.१.२ वर्तमान अवस्था

उर्लाबारी नगरपालिकामा हाल पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गर्ने प्रयास भइरहेको छ। विद्यालयहरूमा स्थानीय आवश्यकता, भाषा, कला, संस्कृति, र सिप समेटिएको स्थानीय पाठ्यक्रम हाल पूर्ण रूपमा लागु भइसकेको छ। यसलाई सुधार्न नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास गरी लागू गर्ने लक्ष्य राखेको छ, जसले विद्यार्थीको जीवनोपयोगी सीप, नैतिक शिक्षा, अनुशासन र समाजसेवा जस्ता विशेष पाठ्यक्रमसँग जोडिनेछ।

मूल्याङ्कन र परीक्षा प्रणालीमा परम्परागत, केवल सैद्धान्तिक मूल्याङ्कनमा निर्भर अभ्यासलाई सुधार गर्दै वैज्ञानिक, व्यवस्थित र नतिजामुखी बनाउने प्रयास भइरहेको छ। आधारभूत र माध्यमिक तहका प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धि मापन गर्ने सूचकहरू विकास गर्ने रणनीति लिइएको छ। शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षाको परिणामसँग जोड्ने, अपाङ्गता भएका बालबालिकाका लागि विशेष मूल्याङ्कन गर्ने, तथा प्रयोगात्मक अभ्यास र इन्टर्नसिपसमेत मूल्याङ्कनमा समावेश गर्ने व्यवस्था विकास भइरहेको छ।

नगरपालिकाले मूल्याङ्कन र अनुगमनलाई चुस्त बनाउन स्थानीय संयन्त्र निर्माण गर्ने र भविष्यमा माध्यमिक तहसम्मको परीक्षा स्थानीय तहबाट सञ्चालन गर्न पूर्वाधार र जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ। यसरी, यस नगरपालिकाले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई स्थानीय परिवेश अनुकूल, समावेशी, गुणस्तरीय र नतिजामुखी बनाउन अग्रसर रहेको देखिन्छ।

### ४.१.३ उद्देश्य

क) विद्यालय तहको पठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
ख) स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु
ग) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु

### ४.१.४ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,
ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,
ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,
घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
ङ) शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,
च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,
छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,
ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,
झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,
ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,
ट) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,
ठ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,
ड) स्थानीय पाठ्यक्रमका आधारमा कक्षा ८ सम्म पाठ्यपुस्तकको विकास गर्ने,
ढ) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि:पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण**

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रमको पुनरालोकन विकास र कार्यान्वयन | पटक | ० | ० | ० | ० | १ | १ | २ | |
| २ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक विकास र वितरण | कक्षा | २ | २ | २ | १ | १ | ८ | १६ | |
| ३ | पाठ्यक्रमसम्बन्धी प्रबोधिकरणमा आधारित क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय तहको मूल्याङ्कनसम्बन्धी क्षमता विकास तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको वितरण | विद्यालय | २१ | ० | ० | ० | ० | २१ | ४२ | |
| ६ | वार्षिक रुपमा सिकाइ उपलब्धी विश्लेषणको प्रतिवेदन तयार र छलफल अन्तरक्रिया कार्यक्रम (विद्यालय तथा पालिका स्तरीय) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | शिक्षण सुधार योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | पाठ्यक्रम कार्यान्वयनसम्बन्धी समीक्षाको लागि घुम्ती शिक्षक बैठक सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | पालिका स्तरीय कक्षा ८ को परीक्षा सञ्चालन | जना | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | १४००० | |
| १० | कक्षाकोठामा आधारित कक्षा पढाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालय तह कक्षा १ बाट १२ सम्मको मूल्याङ्कन सहयोगी पुस्तिका तयार र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारमा शिक्षक व्यवस्थापन र विकासको भूमिका निर्णायक हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनु आवश्यक छ। शिक्षकको विषयगत ज्ञान, शिक्षण सिकाइमा दक्षता र नमुना व्यवहारले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यसका लागि शिक्षकको पेसागत विकास सुनिश्चित गर्दै विद्यालयमा प्रभावकारी शिक्षक व्यवस्थापन गर्न आवश्यक छ। प्राथमिक तहमा शिक्षक—विद्यार्थी अनुपात विद्यार्थी सङ्ख्याको आधारमा, र माध्यमिक तहमा विषयगत मापदण्डअनुसार कायम गरिएको छ। शिक्षकको क्षमता अभिवृद्धि, तालिम, कार्यशाला, अवलोकन भ्रमण, मेन्टरिङ तथा प्रविधिको प्रयोगमार्फत शिक्षक पेसालाई रोजाइको पेशा बनाउने प्रयास नगरपालिकाले गर्दै आएको छ। यसरी शिक्षक व्यवस्थापन र विकासले शिक्षाको गुणस्तर वृद्धि गर्न, शिक्षकलाई जिम्मेवार बनाउने र कक्षाकोठामा विद्यार्थी केन्द्रित शिक्षण—सिकाइ प्रवाह सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

### ४.२.२ वर्तमान अवस्था

उर्लाबारी नगरपालिकाभित्रका अधिकांश विद्यालयहरूमा विषयगत शिक्षकहरूको दरबन्दी पर्याप्त नभएको देखिन्छ। विद्यार्थी संख्यासँग अनुपात मिलाएर शिक्षक दरबन्दीको पुनर्वितरण र व्यवस्थापन गर्न अहिले टड्कारो आवश्यकता छ। त्यस्तै, हाल कार्यरत शिक्षक तथा शिक्षिकाहरूका लागि नवीनतम् शिक्षण पद्धति, सूचना प्रविधि र बाल मनोविज्ञानसँग सम्बन्धित नियमित र गुणात्मक तालिमको अभाव रहेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकासलाई अझ नतिजामुखी र नियमित बनाउन आवश्यक छ। साथै, शिक्षा क्षेत्रमा हुने राजनीतिक हस्तक्षेप र नियुक्ति विवादले शैक्षिक गुणस्तरमा ह्रास ल्याइरहेको र शिक्षक व्यवस्थापनलाई जटिल बनाएको देखिन्छ। शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग वैज्ञानिक रूपमा जोड्ने संयन्त्रको कमी भएको छ, जसले शिक्षकलाई थप जिम्मेवार, उत्तरदायी र नतिजामुखी बन्ने आवश्यकता देखाउँछ। नगरपालिकामा दक्ष र तालिमप्राप्त शिक्षकहरूको आपूर्ति पर्याप्त छैन भने प्रधानाध्यापकहरूको छनोट प्रक्रियामा पनि योग्यता र क्षमतामाथि आधारित सुधार आवश्यक छ। यी चुनौतीहरूको समाधानका लागि नगरपालिका शिक्षक दरबन्दी मिलान, कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहन, र नियमित पुनर्ताजगी तालिमको माध्यमबाट दीर्घकालीन रणनीतिहरू लागू गर्दै आएको छ।

### ४.२.३ उद्देश्य

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

### ४.२.४ रणनीतिहरू

क) विद्यार्थी संख्यासँग अनुपात मिलाएर तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र आवश्यक अनुसार पुनर्वितरण गर्ने

ख) रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षक व्यवस्थापन गर्ने

ग) दक्ष र तालिमप्राप्त शिक्षकको आपूर्ति सुनिश्चित गर्ने र नियुक्ति प्रक्रिया पारदर्शी बनाउने

घ) शिक्षकहरूको नियमित पेशागत विकासका लागि तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण र मेन्टरिङको व्यवस्था गर्ने

ङ) शिक्षकलाई ICT उपकरण, स्मार्ट बोर्ड र डिजिटल शिक्षण विधि प्रयोगमा प्रशिक्षित गर्ने

च) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक र अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग उपलब्ध गराउने

छ) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र मूल्याङ्कनसँग जोडेर वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने

ज) उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कार र प्रोत्साहन कार्यक्रममार्फत प्रेरित गर्ने

झ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने

ञ) प्रधानाध्यापकलाई नेतृत्व, विद्यालय व्यवस्थापन, लेखा तथा संसाधन व्यवस्थापनमा तालिम प्रदान गर्ने

ट) शिक्षक तथा प्रधानाध्यापकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गर्ने

ठ) नियुक्ति र पदस्थापन प्रक्रियामा राजनीतिक हस्तक्षेप न्यूनिकरण गरी योग्यता र अनुभव आधारित निर्णय सुनिश्चित गर्ने

ड) कार्ययोजना, शैक्षिक योग्यता र अनुभवको आधारमा प्रधानाध्यापकको छनौट गर्ने

ढ) नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउने

ण) शिक्षकले कक्षा काठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापक जिम्मेवार हुने

त) शिक्षक व्यवस्थापन र विकासको प्रभावकारितालाई समय-समयमा अनुगमन गरी सुधारात्मक कदम चाल्ने

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः** विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ, विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ र शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक रुपमा आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक सरुवा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | स्वयम्सेवक शिक्षकको नियुक्ति | जना | १३ | १३ | १३ | १३ | १३ | ६५ | १३० | |
| ३ | पालिका स्तरीय शिक्षक पेशागत विकास तालिम | जना | ० | ३० | ३० | ३० | ३० | १२० | २४० | |
| | पालिका स्तरीय शिक्षकको मागमा आधारित छोटो अवधिका तालिम | इभेन्ट | ० | २ | २ | २ | २ | १० | १८ | |
| ४ | मासिक सिकाइ केन्द्रित स्टाफ बैठक | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ५ | चौमासिक घुम्ति शिक्षक बैठक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ६ | शिक्षकले कक्षाकोठामा बिताउने समयको लागि लकबुक सञ्चालन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ७ | शिक्षकको पेशागत सहयोग प्रणालीको कार्यान्वयनको लागि शिक्षक सहयोग अधिकृत नियुक्ति र परिचालन | जना | ० | १ | १ | १ | १ | ५ | ९ | |
| ८ | शिक्षण सुधार योजनाको निर्माण तथा कार्यान्वयन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ९ | शैक्षिक सामग्रीको निर्माण (एक शिक्षकले एक माहिनामा १५ वटा) | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| १० | दैनिक पाठयोजना वा पाठनोट को निर्माण | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ११ | पालिका स्तरीय कार्यमूलक अनुसन्धानको नतिजा प्रस्तुत गर्न शिक्षक सम्मेलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | निश्चत सूचकको आधारमा शिक्षक सम्मान कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ५ | ९ | |
| १३ | राम्रा अभ्यासहरुको लागि शिक्षक अध्ययन भम्रण | पटक | ० | १ | १ | १ | १ | ५ | ९ | |

### ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

शिक्षा क्षेत्रमा समता र समावेशीकरण विशेष रूपमा महत्वपूर्ण छन्। समावेशी शिक्षा प्रणालीले सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ। विद्यालयले विद्यार्थीहरूको विविध आवश्यकता अनुसार पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन र भौतिक वातावरण अनुकूल बनाउँछ। यसले विशेष आवश्यकता भएका, अपाङ्गता भएका, भाषिक वा सांस्कृतिक रूपमा फरक पृष्ठभूमिका तथा वञ्चित समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समावेश गर्न मद्दत गर्दछ।

समता र समावेशीकरणको प्रभावकारी कार्यान्वयनले सामाजिक न्याय, समान अवसर, मानव अधिकारको संरक्षण र दिगो विकासलाई प्रवर्द्धन गर्दछ। यसले समाजमा रहेका विभेद र असमानता कम गर्दै सबै नागरिकलाई समान रूपमा सम्मानजनक र सक्रिय जीवन जीउने अवसर प्रदान गर्दछ। त्यसैले, समता र समावेशीकरणलाई नीति, योजना र कार्यक्रमहरूको मुख्य आधारका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ।

### ४.३.२ वर्तमान अवस्था

उर्लाबारी नगरपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। नगरपालिकामा हाल २१ वटा सामुदायिक विद्यालय र ४२ वटा संस्थागत विद्यालय रहेका छन्, जसमा करिब १९९१७ जना विद्यार्थी अध्ययनरत छन् । तीमध्ये छात्राको संख्या करिब ९५५७ प्रतिशत रहेको छ जसले विद्यालयमा छात्राहरुको उल्लेख्य उपस्थिति रहेको देखाउँछ ।

नगरपालिकाले सामुदायिक विद्यालय र र उर्लाबारी बहुमुखी क्याम्पसमा अध्ययनरत जेहेन्दार तथा विपन्न विद्यार्थीहरुको लागि प्रत्येक वर्ष ३८ जनालाई रु. २० हजारका दरले छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ ।त्यसैगरी अपाङ्गता भएका विद्यार्थीहरूको संख्या करिब २५ रहेको र उनीहरुले नियमित रुपमा कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख भए बमोजिम छात्रवृत्ति प्राप्त गर्दै आइरहेका छन् ।

यद्यपि, केही विद्यालयहरूमा शिक्षक दरबन्दी, स्रोतसाधन तथा पूर्वाधारको असमानता देखिन्छ। विशेष गरी विपन्न बस्तीका बालबालिकाको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा डिजिटल स्रोतमा पहुँच अझै चुनौतीपूर्ण रहेको छ।

समग्रमा हेर्दा, उर्लाबारी नगरपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे पनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम तथा प्रभावकारी अनुगमन आवश्यक देखिन्छ।

### ४.३.३ उद्देश्य

- **महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गताभएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु।**

- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु ।
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्नु ।
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउनु ।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विवधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्नु ।

### ४.३.४ रणनीतिहरू

- विद्यालयबाहिर रहेका बालबालिकाको स्थिति, कारण र आवश्यकता पहिचान गर्ने र प्राप्त विवरणका आधारमा बालबालिकालाई विद्यालयमा समावेशगरी विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधार (जस्तैः र्‍याम्प, छुट्टै शौचालय, सुरक्षित कक्षा, पिउने पानी, पर्खाल) निर्माण गर्ने ।
- विपन्न, दलित, अपाङ्गता भएका, तथा सीमान्तकृत बालबालिकालाई पोशाक, स्टेशनरी, सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराउने ।
- सबै विद्यालयहरूमा भेदभावरहित, समावेशी र बालमैत्री वातावरण सिर्जना गर्ने ।
- बालमैत्री शिक्षण विधिहरूमा शिक्षकलाई अभिमुखीकरण गर्ने ।
- किशोरी शिक्षा तथा मनोसामाजिक सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने ।
- प्रत्येक विद्यालय तथा पालिकामा लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने, जसले लैङ्गिक मुद्दा सम्बोधन र समन्वय गर्ने ।
- विद्यालयको सबै गतिविधिमा वर्ग, जात, लिङ्ग, समुदाय, क्षमता आदिमा आधारित समावेशी सहभागिता सुनिश्चित गर्ने ।

### ४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः** समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

ख) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | बालमैत्री प्रारुपसम्बन्धी विद्यालयको प्रतिनिधिलाई तालिम | पटक | ० | १ | १ | १ | १ | ५ | ९ | |
| २ | साझेदारीमा आधारित प्रस्तावनाको आधारमा बालमैत्री प्रारुप कार्यान्वयन सहयोग कार्यक्रम | पटक | ५ | ५ | ५ | ३ | ३ | २१ | ४२ | |
| ३ | लैङ्गिक सम्पर्क व्यक्तिको छनोट र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | छात्रा समावेशी सञ्चालनको निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | मनोपरामर्श, करियर तथा उत्प्रेरणासम्बन्धी तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | पहुँचयुक्तता लेखाजोखा | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ७ | पहुँचयुक्तता लेखाजोखाको आधारमा भौतिक संरचनालाई पहुँचयुक्त बनाउन सहयोग कार्यक्रम | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ८ | प्रारम्भिक पहिचान र आवश्यक सहयोग कार्यक्रम | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ९ | समावेशी शिक्षक शिक्षा तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालय जान नसक्ने बालबालिकाहरुको लागि घरमै विद्यालय कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | पिछडिएका वर्गका बालबालिकाहरुका लागि सिकाइ प्रोत्साहन तथा छात्रवृति कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | श्रवण/बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाइ सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु बितरणका लागि बजेट अनुदान वा समावेशी सिकाइ सामग्री | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | अपाङ्गता भएका बालबालिकाहरुको लागि प्रारम्भिक सिकाइ केन्द्र (स्रोत कक्षा सञ्चालन तथा व्यवस्थापन) | विद्यालय | ० | १ | १ | १ | १ | ४ | ८ | |

### ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

#### ४.४.१ परिचय

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम विद्यालय उमेरका बालबालिकाको समग्र विकास, नियमित उपस्थिती र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्वपूर्ण कार्यक्रम हो। यस कार्यक्रमअन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्द्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन्। यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ। साथै, विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि यस कार्यक्रमले सहयोग गर्दछ।

#### ४.४.२ बर्तमान अवस्था

उर्लाबारी नगरपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकास सुनिश्चित गर्न विद्यालय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सामुदायिक विद्यालयहरूमा बालविकासदेखि कक्षा ५ सम्मको दिवाखाजा नेपाल सरकारको व्यवस्थापनमा रहेको छ भने कक्षा ६ देखि १२ सम्मको दिवाखाजा नगरपालिकाको जिम्मेवारीमा प्रभावकारी रूपमा संचालन हुँदै आएको छ। यस कार्यक्रमबाट विशेषगरी आर्थिक अवस्था कमजोर परिवारका विद्यार्थीहरू लाभान्वित भएका छन्।

नगरपालिकाका सबै माध्यमिक तथा केही आधारभूत विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण भइसकेको छ र बाँकी विद्यालयमा निर्माण प्रक्रिया जारी छ। कक्षा ६—१२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ। साथै, सबै विद्यालयमा प्राथमिक उपचार सामाग्रीको बाकस राखिएको छ र बालिकाहरूका लागि आइरन चक्की वितरण गरी पोषण सुधारमा सहयोग पुऱ्याइएको छ।

यी कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण, नियमित उपस्थिती र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुऱ्याउँदै समता र समावेशीकरणलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण भूमिका खेलेका छन्।

#### ४.४.३ उद्देश्यहरु

- **विद्यालयका बालबालिकाहरूलाई स्वस्थ्य तथा पोषणयुक्त आहारको सुनिश्चित गर्नु।**
- **विद्यालयमा कार्यान्वयन रहेको खाजा कार्यक्रमको कार्यान्वयनमा सुधार ल्याउनु।**
- **विद्यालयका बालबालिकाहरूको स्वास्थ्य पोषण तथा सरसफाई सम्बन्धी सकारात्मक व्यवहारको विकासमा सुधार ल्याउनु।**

### ४.४.४ रणनीतिहरू

- **दिवा खाजा कार्यक्रमलाई विस्तार गर्दै आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने।**
- **अभिभावकको सहभागितामा माध्यमिक तहका विद्यार्थीका लागि पनि खाजाको व्यवस्था गर्ने।**
- **दिवा खाजा सञ्चालनका लागि विद्यालयमा आवश्यक भौतिक तथा व्यवस्थापकीय सुविधा विस्तार गर्ने।**
- **विद्यार्थी सङ्ख्याअनुसार पर्याप्त पानी, साबुन र सरसफाइ सामग्रीको व्यवस्था गर्ने।**
- **छात्र र छात्राका लागि अलग–अलग शौचालय र युरिनल निर्माण गर्ने तथा हात धुने ठाउँको व्यवस्था गर्ने।**
- **किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन तथा महिनावारी स्वच्छता व्यवस्थापनको सुविधा उपलब्ध गराउने।**
- **विद्यालयमा स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसरको सरसफाइ र घेराबारको व्यवस्था गर्ने।**
- **प्राथमिक उपचार किट, आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि, भिटामिन ए र आइरन फोलिक एसिड वितरण गर्ने।**
- **छात्राहरूका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रसँग सहकार्य गरी नियमित र प्रभावकारी बनाउने।**
- **स्वास्थ्य, पोषण, सरसफाइ र दिवा खाजा कार्यक्रमको दिगोपनका लागि तीनै तहका सरकार, निजी क्षेत्र, अभिभावक र विकास साझेदारसँग सहकार्य गर्दै अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने।**

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिः विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ।

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापन | कक्षा संख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० | |
| ३ | साप्ताहिक खाजा कार्यक्रमको अनुगमन तथा निरिक्षण | विद्यालय | २१ | २१ | २१ | २२१ | २१ | ३०५ | ६१० | |
| ४ | एक विद्यालय एक फुलबारी वा हरित विद्यालय कार्यक्रम | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ५ | साप्ताहिक सरसफाइ कार्यक्रम | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ६ | स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धित सचेतनामुलक कार्यक्रम | विद्यालय | २१ | २१ | २१ | २२१ | २१ | ३०५ | ६१० | |
| ७ | चौमासिक रुपमा स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम | विद्यालय | २१ | २१ | २१ | २२१ | २१ | ३०५ | ६१० | |
| ८ | एक विद्यालय एक स्वास्थ्य किट वा प्राथमिक उपचार बक्स व्यबस्थापन | विद्यालय | २१ | २१ | २१ | २२१ | २१ | ३०५ | ६१० | |
| ९ | छात्राको लागि सेनिटरी प्याड ब्यवस्थापन, वितरण तथा अनुगमन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |

## ४.५ आपतकालीन अवस्थामा शिक्षा

### ४.५.१ परिचय

आपतकालीन अवस्था, जस्तै प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व वा अन्य संकटका बेला बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ। यस क्रममा विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, अनलाइन वा सामुदायिक आधारमा सिकाइको व्यवस्था गरिनु पर्छ। शिक्षण सामग्री, शिक्षक प्रशिक्षण र विद्यार्थीहरूको पहुँचमा ध्यान दिँदै सबै बालबालिकाले समान अवसर पाउनुपर्छ। आपतकालीन शिक्षाले मात्र बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्दैन, उनीहरूको मानसिक स्वास्थ्य, सुरक्षा र सामाजिक सुरक्षा पनि प्रवर्द्धन गर्छ। यसले दीर्घकालीन विकास र समावेशी समाज निर्माणमा योगदान पुऱ्याउँछ।

### ४.५.२ वर्तमान अवस्था

उर्लाबारी नगरपालिकामा आपतकालीन अवस्थामा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्न विभिन्न तयारी र कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। प्राकृतिक प्रकोप वा स्वास्थ्य संकट जस्ता अवस्थाका बेला विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, सामुदायिक केन्द्र वा घरमा आधारित सिकाइको व्यवस्था गरिन्छ। स्थानीय सरकार, शिक्षक र विद्यालय व्यवस्थापन समितिको सहकार्यमा संकटमा रहेका

बालबालिकाका लागि आवश्यक शैक्षिक सामग्री वितरण, अनलाइन वा टेलिफोन माध्यममार्फत सिकाइको सुविधा उपलब्ध गराउने व्यवस्था छ।

साथै, शिक्षकहरूलाई आपतकालीन शिक्षासम्बन्धी तालिम दिइरहेको र अभिभावक तथा समुदायलाई बालबालिकाको सिकाइ निरन्तरतामा सहकार्य गर्न अभिमुखीकरण गरिएको छ। यद्यपि, केही दुर्गम क्षेत्रका बालबालिकाले अनलाइन पहुँच, उपकरण र स्रोत अभावका कारण प्रभावकारी सिकाइमा चुनौती भोगिरहेका छन्। नगरपालिकाले आपतकालीन शिक्षामा पहुँच, सामग्री वितरण र समावेशीता सुनिश्चित गर्न थप योजना र स्रोत व्यवस्थापन गर्दै आएको छ।

### ४.५.३ उद्धेश्य

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु

ख) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुऱ्याउनु

### ४.५.४ रणनीति

क) स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने।

ख) स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय गर्ने।

ग) विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने।

घ) नगरपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने, जसमा विद्यालय शिक्षा उपसमिति पनि रहने।

ङ) प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजना तयार गर्ने।

च) महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण–सिकाइ उपाय तयार गर्ने।

छ) स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको आपतकालीन क्षमता विकास गर्ने।

ज) विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन गर्ने।

झ) हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

ञ) संकट/आपतकालिन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने।

ट) Covid-19 जस्ता संकटले पार्ने छोटो र लामो अवधि प्रभाव पहिचान गरी समाधान गर्ने।

ठ) विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजना समावेश गर्ने।

ड) शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारी सम्बन्धी ज्ञान र व्यवहारिक तालिम दिने।

ढ) अभिभावक र समुदायलाई आपतकालीन शिक्षामा सक्रिय सहभागी बनाउने।

ण) संकट–आपतकालिन अवस्था व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धीः आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुगेको हुनेछ ।

ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | **विपद् सम्वन्धी विद्यालय तथा पालिका स्तरीय विपद् प्रतिकार्य योजना निर्माण** | **पटक** | ० | ० | १ | ० | ० | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | पालिका स्तरिय विद्यालय शिक्षा सहयोग विपद् कोष कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | वडा स्तरीय प्रतिकार्य कार्यदलको गठन र परिचालन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | संकटका बेलामा शिक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विपद् सम्बन्धी सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालयमा बालबालिकाले सुरक्षित र गुणस्तरीय शिक्षा प्राप्त गर्न भौतिक पूर्वाधार अत्यन्त महत्वपूर्ण हुन्छ। **शिक्षा नियमावली २०५९** अनुसार, प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल तोकिएको छ। यसले प्रत्येक विद्यार्थीले पर्याप्त स्थानमा पठनपाठन गर्न सक्ने वातावरण सुनिश्चित गर्छ। विद्यालयका आधारभूत भौतिक पूर्वाधारमा सुरक्षित विद्यालय भवन, पढ्नका लागि कक्षाकोठा, खेलकुदका लागि खेलमैदान, शौचालय, स्वच्छ पानी, सफाइ र पुस्तकालय/बुक कर्नर जस्ता सुविधा समावेश हुन्छन्। **राष्ट्रिय शिक्षा नीति २०७६** ले विद्यालयलाई बालमैत्री, सुरक्षित, हरित र विपद् जोखिममुक्त बनाउन भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी र पुस्तकालय जस्ता सम्पूर्ण पूर्वाधार विकास गर्ने नीतिगत व्यवस्थापन गरेको छ। यी पूर्वाधारले मात्र शिक्षा पहुँच सुनिश्चित नगरी बालबालिकाको सिकाइ अनुभव, स्वास्थ्य र समग्र विकासमा पनि योगदान पुऱ्याउँछ।

### ४.६.२ वर्तमान अवस्था

उर्लाबारी नगरपालिकामा बालबालिकाको सुरक्षित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालय भौतिक पूर्वाधार विकासमा लगातार प्रयास भइरहेका छन्। नगरपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा, खेलमैदान, शौचालय, पिउने पानी, फर्निचर, पुस्तकालय/बुक कर्नर लगायतका आधारभूत संरचना उपलब्ध छन्। प्रारम्भिक बालविकास तथा आधारभूत तहका कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल सुनिश्चित गरिएको छ।

नगरपालिकाले विद्यालय भवन र अन्य पूर्वाधारलाई सुरक्षित, बालमैत्री तथा हरित विद्यालयको रूपमा विकास गर्ने नीति अनुसार काम गर्दै आएको छ। केही विद्यालयमा भवन विस्तार, खेलमैदान सुधार र शौचालय/स्वच्छता सुविधा सुधार गर्न आवश्यक देखिन्छ। यद्यपि, सबै विद्यालयमा विपद् प्रतिरोधी पूर्वाधार निर्माण, पर्याप्त खेल क्षेत्र र पुस्तकालय सुविधा सुनिश्चित गर्न थप प्रयास जारी छ।

समग्रमा, यस नगरपालिकाले विद्यालय भौतिक पूर्वाधारको विकासमा ठोस कदम चाल्दै आएको भए पनि विद्यालयहरूको भौतिक वातावरण सुधार, समावेशी पहुँच र विपद् जोखिम न्यूनीकरणमा अझै योजना र स्रोतको आवश्यकता देखिन्छ।

### ४.६.३ उद्देश्य

- **विद्यालयमा न्यूनतम भौतिक संरचनाको सुनिश्चित गर्नु।**
- **मापदण्ड अनुसारको भौतिक निर्माण गर्नु।**
- **भौतिक निर्माण कार्यलाई गुणस्तरीय तथा पारदर्शी बनाउनु।**
- **सबैलाई पहुँच हुने भौतिक संरचनाहरू तयारमा सुधार ल्याउनु।**

### ४.६.४ रणनीतिहरू

- **विद्यालयको तह, विद्यार्थी सङ्ख्या र भौगोलिक क्षेत्रको आधारमा भौतिक पूर्वाधार विकासका लागि मापदण्ड तयार गर्ने।**
- **प्रत्येक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक सम्पन्न गर्दै पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने।**
- **सङ्घीय, प्रदेश र स्थानीय तहको लागत साझेदारी तथा सरोकारवालाको सहभागितामा स्रोत व्यवस्थापन गरी पूर्वाधार विकास कार्यान्वयन गर्ने।**
- **आवश्यकतानुसार विद्यालयलाई सुरक्षित बनाउन सुदृढीकरण, पुनर्निर्माण र मर्मत–सम्भार गर्ने।**
- **पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय र वातावरणीय पक्षलाई समेटेर एकीकृत प्रणाली विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।**
- **विद्यालयको जग्गा व्यवस्थापनका लागि जग्गादातालाई प्रोत्साहित गर्ने र ऐलानी जग्गासमेत सदुपयोग गर्ने।**
- **पूर्वाधार विकासका लागि आवश्यक स्रोत जुटाउन सङ्घीय, प्रदेश सरकार, चन्दादाता र सम्बन्धित सङ्घ संस्थासँग समन्वय गर्ने।**
- **मास्टर प्लानअनुसार विद्यालय पूर्वाधार विकासको योजना तयार पार्ने र कार्यान्वयन गर्ने।**
- **योजना अवधिभित्र सबै विद्यालयमा जस्ताको छानो नभएका भवन निर्माण गरी राष्ट्रिय मापदण्ड र डिजाइन ड्राइङहरूको पालन गर्ने।**

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

क) उपलब्धिः सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ।

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **विद्यालयको भौतिक अवस्थाको विश्लेषण तथा प्रतिवेदन तयार** | **विद्यालय** | **२१** | **२१** | **२१** | २१ | **२१** | **१०५** | **१०** | |
| २ | **नयाँ भौतिक संरचना निर्माण (भवन, शैचालय,घेराबारा,खानेपानी छात्रवास)** | **पटक** | **५** | **५** | **३** | **४** | **४** | **२१** | **१६** | |
| ३ | **नछोडौं विद्यालय परिसर खाली, बनाऔं बगैचा हरियाली कार्यक्रम** | **विद्यालय** | **२१** | **२१** | **२१** | **२१** | **२१** | **१०५** | **३६** | |

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ ।

सूचना तथा सञ्चार प्रविधि (ICT) विद्यालय शिक्षामा सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागी र आधुनिक बनाउन प्रयोग गरिन्छ। ICT मार्फत शिक्षकहरूले बहु-माध्यमिक सामग्री, अनलाइन स्रोत, डिजिटल कक्षाकोठा र शिक्षण सफ्टवेयरको प्रयोग गरी पाठ्यक्रमअनुसार सिकाइ अनुभव समृद्ध बनाउन सक्छन्। विद्यार्थीहरूलाई खोज, अनुसन्धान, प्रोजेक्ट कार्य र संवादात्मक सिकाइमा सहभागी गराउने ICT ले सिकाइलाई सक्रिय र रचनात्मक बनाउँछ। विद्यालय शिक्षामा ICT को प्रयोगले शिक्षण—सिकाइलाई विद्यार्थी केन्द्रित बनाउँछ, सूचना पहुँच सजिलो बनाउँछ, सहकार्य र सञ्चार प्रवर्द्धन गर्छ र डिजिटल सीप विकासमा सहयोग पुऱ्याउँछ। यसले मात्र ज्ञान प्राप्तिमा सहजता ल्याउने होइन, भविष्यका दक्ष र सृजनशील नागरिक तयार पार्नमा पनि महत्वपूर्ण योगदान दिन्छ।

### ४.७.२ वर्तमान अवस्था

उर्लाबारी नगरपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग विस्तार हुँदै आएको छ। केही माध्यमिक र आधारभूत विद्यालयमा कम्प्युटर ल्याब, प्रोजेक्टर, स्मार्ट बोर्ड र इन्टरनेट सुविधा उपलब्ध छन्। शिक्षकहरूले सिकाइ प्रक्रियामा डिजिटल स्रोत, अनलाइन सामग्री र प्रस्तुति प्रविधिको प्रयोग गर्दै पाठ्यक्रम अनुसार पाठ सञ्चालन गरिरहेका छन्।

तर, सबै विद्यालयमा ICT पहुँच समान छैन। दुर्गम क्षेत्रका विद्यालयहरूमा उपकरण, इन्टरनेट र प्रशिक्षित शिक्षकको अभावले डिजिटल शिक्षामा चुनौती देखा परेको छ । नगरपालिकाले ICT पहुँच, उपकरण उपलब्धता, शिक्षक तालिम र डिजिटल पाठ्य सामग्री विकासमा काम गर्दै आएको छ।

समग्रमा, यस नगरपालिकामा ICT को प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि सिकाइ अनुभव समृद्ध बनाउने क्रम जारी छ, तर समावेशी र पूर्ण पहुँच सुनिश्चित गर्न अझ योजना र स्रोतको आवश्यकता देखिन्छ।

### ४.७.३ उद्देश्य

- **विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन र प्रयोगमा सुधार ल्याउनु।**
- **सुचना तथा प्रविधिको पहुँचलाई विस्तार गर्नु।**

### ४.७.४ रणनीतिहरू

- **सबै विद्यालयमा आधारभूत ICT पूर्वाधार र सुरक्षित भौतिक तथा प्राविधिक व्यवस्था सुनिश्चित गरिने ।**
- **विभिन्न कक्षा र विषयका लागि उपयुक्त डिजिटल शिक्षण सामग्री विकास गरिने।**
- **गाउँपालिकाका विद्यालयहरूले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको E-Learning Portal (सिकाइ चौतारी) प्रयोग गर्ने वातावरण सिर्जना गरिने।**
- **इन्टरनेट पहुँच विस्तार गरेर विश्वव्यापी शैक्षिक स्रोत सामग्रीमा विद्यालय र विद्यार्थीहरूको पहुँच बढाइने।**
- **IEMIS प्रणालीलाई व्यवस्थित गरी विभिन्न अनुदानका साथै शिक्षक तलब प्रतिवेदन र अन्य शैक्षिक सेवा ICT मार्फत एकीकृत गरिने।**
- **सामुदायिक अध्ययन केन्द्रलाई ICT सेवामा परिचालन गरी सहयोग प्रदान गरिने।**
- **शिक्षक र कर्मचारीलाई ICT सम्बन्धी आधारभूत क्षमता विकास तालिम प्रदान गरिने।**
- **विद्यालय सुपरिवेक्षण, बैठक, कार्यशाला, तालिम र शिक्षक सहायता प्रणालीमा ICT को प्रयोग प्रवर्द्धन गरिने।**

## ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः** विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रवर्द्धन हुनेछ।

### ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | एक विद्यालय सूचना प्रविधिको न्युनत्तम प्याकेज (एक ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टर र इन्टरनेट) कार्यक्रम | सङ्ख्या | ४ | ५ | ४ | ४ | ४ | २१ | ४२ | |
| ३ | ICT Lab को स्थापना | सङ्ख्या | २ | १ | २ | २ | २ | ९ | १८ | |
| ४ | शिक्षण सिकाइमा आइसीटीसम्बन्धी शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विद्यालय सञ्चालनमा आइसीटीको प्रयोगसम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकासको क्लस्टर स्तरीय जनशक्तिको पहिचान, क्षमता विकास तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | साझेदारीमा एक शिक्षक एक ल्यापटप सहयोग कार्यक्रम | विद्यालय | ४ | ५ | ४ | ४ | ४ | २१ | ४२ | |
| ८ | आइसीटीसम्बन्धी शिक्षक तथा विद्यार्थीको नवप्रवर्तनात्मक क्षमता सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ५

## विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवा उन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आ-आफ्नो भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्यांकन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।

### ५.१ संस्थागत क्षमता विकास

#### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि नगर कार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालाको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधिकरण मार्फत कार्यान्वयन

संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जमा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गत रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा /शाखाको व्यवस्था गरिएको छ ।

### ५.१.२ वर्तमान अवस्था

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन् । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका

लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

## ५.१.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,

ख) तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,

ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,

घ) जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

## ५.१.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।

ख) संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्था गर्ने।

ग) कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने।

घ) शिक्षक पेशागत सहयोग प्रणाली स्थापन गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने।

ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने।

च) विद्यालय कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने।

छ) विद्यालय प्रशासन र व्यवस्थापन संरचना सुधार गर्ने।

ज) शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने।

झ) विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादन नियमित अनुगमन र मूल्याङ्कन गर्ने।

ञ) मानव, वित्तीय र भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने।

ट) स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने।

ठ) ICT र डिजिटल प्रणालीमार्फत प्रशासन र शिक्षण—सिकाइ प्रक्रियालाई सुदृढ गर्ने।

ड) विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने।

ढ) विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने।

## ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| **क्र.सं.** | **प्रमुखक्रियाकलापहरु** | **एकाइ** | **भौतिक लक्ष्य ५ वर्ष** | | | | | | **भौतिक लक्ष्य १० वर्ष** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| १ | **नगर पालिकाको शिक्षा ऐन तथा नियमावली संसोधन संशोधन** | **पटक** | ० | १ | ० | ० | ० | १ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | कार्यविधि निर्माण गरी विद्यालय विकास प्रस्तावनाको आधार खुल्ला प्रतिस्पर्धाबाट प्रअको छनोट र नेतृत्वसम्बन्धी तालिम | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | विव्यस तथा प्रअको क्षमता विकास कार्यक्रम | जना | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ४ | आचारसंहिताको निर्माण र कार्यान्वयन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ५ | प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | कार्यविधि तयारसहित उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा तथा पुरस्कार वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | वार्षिक विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | वडाको संयोजकत्वमा विज्ञ समुहबाट विद्यालय अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन तथा अक्षयकोष एवम् आर्थिक स्रोत सङ्कलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | शिक्षा समितिको नियमित बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | प्रअको नियमित मासिक बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। यस सन्दर्भमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक

आवश्यकता, प्राथमिकता र स्रोत साधनलाई ध्यानमा राखी **शिक्षा योजना** तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र समावेशी बनाउने उद्देश्यले तय गरिएको **रणनीतिक र कार्यान्वयनमुखी योजना** हो। यसले विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, वैकल्पिक शिक्षा, साक्षरता, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि सुधार लगायतका विषयलाई समेट्छ।

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत योजना निर्माण, स्रोत व्यवस्थापन, कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका स्पष्ट प्रक्रिया र संरचनाहरू तय गरिन्छ। यस प्रक्रियामा स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, समुदाय तथा सम्बन्धित सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ।

## ५.२.२ वर्तमान अवस्थाः

नगरपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्रअनुसार शिक्षा क्षेत्रको व्यवस्थित विकासका लागि **स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** गर्नेछ। नगरपालिकाले शिक्षा शाखामार्फत विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रमहरूको समन्वय र व्यवस्थापन गर्नेछ। योजना कार्यान्वयन अन्तर्गत नगरपालिकाले विद्यालयहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने, विद्यालय सुधार योजना कार्यान्वयनमा सहजीकरण गर्ने, शिक्षक दरबन्दी व्यवस्थापन तथा आवश्यकता अनुसार पुनर्वितरण गर्ने, रिक्त पदमा शिक्षक नियुक्ति प्रक्रियामा सहजीकरण गर्ने तथा शिक्षकहरूको पेशागत क्षमता विकासका लागि तालिम, कार्यशाला, क्लस्टर बैठक र मेन्टरिङ कार्यक्रम सञ्चालन गर्नेछ। साथै सिकाइ उपलब्धि सुधार, समावेशी तथा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गर्ने, विद्यालय पूर्वाधार विकास गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने कार्यहरू पनि गरिनेछन्।

यसका अतिरिक्त नगरपालिकाले सरोकारवालासँग समन्वय गरी स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा आवश्यक जनशक्ति, स्रोत व्यवस्थापन र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्ने प्रयास गर्नेछ। जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ ।

## ५.२.३ उद्देश्यहरुः

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

## ५.२.४ रणनीतिहरू

क) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।

छ) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

ञ) सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ

ख) प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वडा शिक्षा समिति निर्माण र परिचालन | वडा | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| २ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | योजनाको समीक्षा तथा अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | योजना कार्यान्वयनको आन्तरिक तथा बाह्य अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | **योजना कार्यान्वयनका लागि अन्य सङ्घ सस्थासँग समन्वय साझेदारी र सहकार्य गर्ने** | **पटक** | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | **कार्यक्रम कार्यान्वयन मार्गदर्शन, कार्यविधि र निर्देशिका तयार** | **पटक** | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | **बार्षिक प्रगति प्रतिवेदन** | **पटक** | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | **शैक्षिक तथ्यांकको विश्लेषण गरी शैक्षिक स्मारिका प्रकाशन** | **पटक** | १ | १ | १ | १ | १ | ५ | १० | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। स्थानीय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ।प्रत्येक बिद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन्।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ।विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन्। अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ।कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

### ५.३.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ।खासगरी शिक्षा शाखावाट अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुबाट पनि समय समयमा अनुगमन गरिएको छ।बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ।कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन।प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन्।सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ।

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको

लागि नगरपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

### ५.३.३ उद्देश्य

- **अनुगमन तथा मूल्याङ्कन मापदण्ड र निर्देशिका तथा रणनीति तयार गरी कार्यान्वयन गर्नु तथा अनुगमन प्रणाली विकास र नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु।**
- **योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।**
- **योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु।**
- **अर्धवार्षिक, वार्षिक, मध्यावधी तथा अन्तिम मूल्याङ्कन गर्नु र अनुगमन तथा मूल्याङ्कन समिति तथा प्राविधिक समिति गठन गरी परिचालन गर्नु।**

### ५.३.४ रणनीतिहरू

- **अनुगमन तथा मूल्याड़कनका लागि विभिन्न समितिहरूको निर्माण गरिने छ र यसका लागि रणनीति तथा कार्यविधी निर्माण र कार्यान्वयन गर्ने।**
- **कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।**
- **अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन छिटो छरितो र व्यवस्थित बनाइनेछ र अनुगमन तथा मूल्याङ्कन नतिजामुखी बनाइने।**
- **कक्षाकोठामा सिकाइको अनुगमन, कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने।**
- **जनप्रतिनिधिहरुलाई योजनाको अनुगमन तथा मूल्याङ्कनको कार्यमा संलग्न गराइनेछ।**
- **शिक्षण सिकाइको अनुगमन सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालिलाई व्यवस्थित गरिने र सुद्धृढ बनाइनेछ।**
- **शैक्षिक योजना तथा कार्यक्रमको नियमित, अद्यावधिक, मद्यावधिक र अन्तिम मूल्याड्कन प्रणाली स्थापित गरिनेछ। यसका लागि गाउँपालिका अध्यक्षको संरकक्षत्वमा र उपाध्यक्षको संयोजकत्वमा वार्षिक, मध्यावधी र अन्तिम मूल्याङ्कन गर्ने ।**
- **अनुगमन तथा मूल्याङ्कन समिति तथा प्राविधिक समिति गठन गरी परिचालन गर्ने।**

### ५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः** प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

ख) प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्याङ्कनको योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विव्यस/शिअसबाट विद्यालयको पालैपालो नियमित अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | अभिभावकबाट नियमित विद्यालय भम्रण र उत्कृष्ट अभिभावक छनोट | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | वडास्तरीय अनुगमन समितिबाट मासिक अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन संयन्त्रको गठन र कम्तिमा २ महिनाको एक पटक एक विद्यालयको अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालयको वार्षिक कार्यसम्पादन परिक्षण | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ७ | नियमित अनुगमन तथा निरीक्षण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | शिक्षा योजनाको प्रगतिको वार्षिक प्रगति तयार तथा छलफल कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | कार्यक्रमका र्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण तथा विश्लेषण सहितको प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ६
# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिए बमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समय सापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गर्नुपर्ने भनिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सो बमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ । कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ ।

## ६.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन् । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका

अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत करिब ३२ हजार रहेको छ । तिहारको भैलो देखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेका छन् । पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन् । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरुलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | २१६९००००० | ९३% | |
| २ | प्रदेश सरकार | २२२६००० | ९% | |
| ३ | स्थानीय सरकार | १२५००००० | ५.३९% | |
| जम्मा | | २३१६२६००० | | |

## ६.३ उद्देश्य

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

ख) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) शैक्षिक पूर्वाधार, गुणस्तर अभिवृद्धि, शिक्षकको दक्षता विकास, सूचना प्रविधिको एकीकरण, समावेशी शिक्षा, र कमजोर समूहहरूको पहुँच विस्तारजस्ता क्षेत्रहरूलाई प्राथमिकता क्षेत्रका रूपमा पहिचान गर्नु ।

## ६.४ रणनीतिहरू

- **गाउँपालिकाले शिक्षा क्षेत्रलाई प्रमुख प्राथमिकता दिई शिक्षा क्षेत्रको बजेटमा क्रमशः वृद्धि गरिनेछ।**
- **विद्यालय मूल्याङ्कन र आवश्यकता अध्ययन गर्ने।**
- **समावेशी शिक्षाअनुसार बालबालिका, अपाङ्गता भएका र सीमान्तकृत समूहको अवस्था विश्लेषण गर्ने।**
- **शिक्षक तालिम र भौतिक पूर्वाधार सुधारका लागि तत्काल र दीर्घकालीन योजना बनाउने।**
- **सङ्घीय, प्रदेश र स्थानीय सरकारको अनुदान पहिचान गर्ने।**
- **निजी क्षेत्र, सङ्घसंस्था, दातृ निकाय र अन्तर्राष्ट्रिय साझेदारसँग सहकार्यको रूपरेखा तयार गर्ने।**

- **अभिभावक र समुदायबाट श्रम, स्रोत र समयमार्फत सामुदायिक लगानी सञ्चालन गर्ने ।**
- **वैकल्पिक स्रोत (जस्तै शिक्षा कोष/Matching Fund) स्थापना र परिचालन गर्ने ।**
- **प्राथमिकता र आपतकालीन आवश्यकताका आधारमा कार्यक्रमको कार्यान्वयन क्रम तय गर्ने ।**
- **बजेट निर्माणमा विद्यालय, शिक्षक, अभिभावक र विद्यार्थीको सुझाव समावेश गर्ने ।**
- **कम लागतमा उच्च प्रभाव पार्ने (Low Cost–High Impact) कार्यक्रम लागू गर्ने ।**
- **सरोकारवालाहरू (सङ्घसंस्था, अभिभावक, निजी क्षेत्र, सञ्चारमाध्यम) को सक्रिय सहभागिता सुनिश्चित गर्ने ।**
- **विद्यालय व्यवस्थापन समिति र शिक्षा समितिहरूलाई सक्षम बनाएर नियमित समन्वय बैठक सञ्चालन गर्ने ।**

## ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धि

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

## ६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण

| क्र.स. | शिर्षक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट (हजारमा) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | बजेट स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | ९६१२०.१५ | १७६७१. | १८२०१.१३ | १९१११.१९ | २००६६.७५ | २१०७०.०८ | ५७६७२.०९ | ९६१२.०१ | १९२२४.०३ | ४८०६.०१ | ४८०६.०१ | |
| २ | आधाभूत शिक्षा | ७२१८६६.५९ | १३२७१०. | १३६६९१.३ | १४३५२५.८७ | १५०७०२.१६ | १५८२३७.२७ | ४३३११९.९५ | ७२१८६.६६ | १४४३७३.३२ | ३६०९३.३३ | ३६०९३.३३ | |
| ३ | माध्यमिक शिक्षा | २५४२१७.१४ | ४६७३६. | ४८१३८.०८ | ५०५४४.९८ | ५३०७२.२३ | ५५७२५.८४ | १५२५३०.२९ | २५४२१.७१ | ५०८४३.४३ | १२७१०.८६ | १२७१०.८६ | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ५४३९.४३ | १०००. | १०३०. | १०८१.५ | ११३५.५८ | ११९२.३५ | ३२६३.६६ | ५४३.९४ | १०८७.८९ | २७१.९७ | २७१.९७ | |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ७०७१.२६ | १३००. | १३३९. | १४०५.९५ | १४७६.२५ | १५५०.०६ | ४२४२.७५ | ७०७.१३ | १४१४.२५ | ३५३.५६ | ३५३.५६ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ८१५९.१४ | १५००. | १५४५. | १६२२.२५ | १७०३.३६ | १७८८.५३ | ४८९५.४९ | ८१५.९१ | १६३१.८३ | ४०७.९६ | ४०७.९६ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १३५९८.५७ | २५००. | २५७५. | २७०३.७५ | २८३८.९४ | २९८०.८८ | ८१५९.१४ | १३५९.८६ | २७१९.७१ | ६७९.९३ | ६७९.९३ | |
| ८ | शिक्षामा समता र समावेशीकरण | १६३१८.२९ | ३०००. | ३०९०. | ३२४४.५ | ३४०६.७३ | ३५७७.०६ | ९७९०.९७ | १६३१.८३ | ३२६३.६६ | ८१५.९१ | ८१५.९१ | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १९०३८. | ३५००. | ३६०५. | ३७८५.२५ | ३९७४.५१ | ४१७३.२४ | ११४२२.८ | १९०३.८ | ३८०७.६ | ९५१.९ | ९५१.९ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता | २७१९.७१ | ५००. | ५१५. | ५४०.७५ | ५६७.७९ | ५९६.१८ | १६३१.८३ | २७१.९७ | ५४३.९४ | १३५.९९ | १३५.९९ | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ८१५९१.४३ | १५०००. | १५४५०. | १६२२२.५ | १७०३३.६३ | १७८८५.३१ | ४८९५४.८६ | ८१५९.१४ | १६३१८.२९ | ४०७९.५७ | ४०७९.५७ | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १६३१८.२९ | ३०००. | ३०९०. | ३२४४.५ | ३४०६.७३ | ३५७७.०६ | ९७९०.९७ | १६३१.८३ | ३२६३.६६ | ८१५.९१ | ८१५.९१ | |
| १३ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ३८०७.६ | ७००. | ७२१. | ७५७.०५ | ७९४.९ | ८३४.६५ | २२८४.५६ | ३८०.७६ | ७६१.५२ | १९०.३८ | १९०.३८ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | स्थानीय शिक्षा योजना कार्यान्वयको प्रबन्ध | २७१९.७१ | ५००. | ५१५. | ५४०.७५ | ५६७.७९ | ५९६.१८ | १६३१.८३ | २७१.९७ | ५४३.९४ | १३५.९९ | १३५.९९ | |
| १५ | अनुगमन तथा मूल्याङ्कन | २१७५.७७ | ४००. | ४१२. | ४३२.६ | ४५४.२३ | ४७६.९४ | १३०५.४६ | २१७.५८ | ४३५.१५ | १०८.७९ | १०८.७९ | |
| कुल | | १२५११६१.०८ | २३००१७ | २३६९१७.५१ | २४८७६३.३९ | २६१२०१.५५ | २७४२६१.६३ | ७५०६९६.६५ | १२५११६.११ | २५०२३२.२२ | ६२५५८.०५ | ६२५५८.०५ | |

# परिच्छेद ७

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ७.१ परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। स्थानीय तह र  बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन् । कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ।

जब कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनुगमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

### ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी  नगरपालिकाको शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ । बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार-प्रसारको पनि खाँचो रहेको छ ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको  मूल्याङकन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ । सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय  सञ्चालन गर्नेछन् । उर्लाबारी नगरपालिकाको नगर शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रक्रिया तपसिल बमोजिम हुनेछ ।

| क्र. स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | | संयोजक | मासिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | नगर शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

## ७.३ उद्देश्य

क) बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

## ७.४ रणनीतिहरू

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,

ग) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,

घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,

ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,

च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,

छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,

ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,

झ) सहभागिता मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,

ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,

ट) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने ।

## ७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**अ) उपलब्धिः** प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने,

**इ) प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्याङ्कनको योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विव्यस/शिअसबाट विद्यालयको पालैपालो नियमित अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | अभिभावकबाट नियमित विद्यालय भम्रण र उत्कृष्ट अभिभावक छनोट | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | वडास्तरीय अनुगमन समितिबाट मासिक अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन संयन्त्रको | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गठन र कम्तिमा २ महिनाको एक पटक एक विद्यालयको अनुगमन | | | | | | | | | |
| ६ | विद्यालयको वार्षिक कार्यसम्पादन परिक्षण | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| ७ | नियमित अनुगमन तथा निरीक्षण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | शिक्षा योजनाको प्रगतिको वार्षिक प्रगति तयार तथा छलफल कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | कार्यक्रमका यान्वियनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण तथा विश्लेषण सहितको प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |